

बोक्सीको आरोपमा महिलामाथि गरिने अपराध एवं मानव अधिकार हननको स्थिति : एक विश्लेषण

प्रकाशक:
ओरेक नेपाल, बालकुमारी, ललितपुर,
पो.ब.नं. : १३२३३, काठमाडौं
फोन: ०१-५००६३७३,
फ्याक्स: ९७७-०१-५००६२७१,
ईमेल : ics@worecnepal.org
वेवसाइट: www.worecnepal.org

ISBN: 978-9937-8640-6-0

बोक्सीको आरोपमा महिलामाथि गरिने अपराध एवं मानव अधिकार हनन्‌को स्थिति : एक विश्लेषण

ओरेक नेपाल
२०७०

बोक्सीको आरोपमा महिलामाथि गरिने अपराध एवम्
मानव अधिकार हनन्को स्थिति : एक विश्लेषण

लेखक : पार्वती बस्नेत

सम्पादन : विनायक राजभण्डारी

ले -आउट : दिलमाया भण्डारी

प्रकाशन वर्ष : २०७०

मूल्य : रु १००/-

ISBN: 978-9937-8640-6-0

प्रकाशक
ओरेक नेपाल
पो.ब.न. : १३२३३, काठमाडौं
बालकुमारी, ललितपुर
फोन नं. : ९७७-१-५००६३७३, ०१-२१२३१२४
फ्याक्स नं. : ९७७-१-५००६२७१
इमेल : ics@worecnepal.org
वेवसाइट : www.worecnepal.org

विषयसूची

कार्यकारी सारांश १

परिच्छेद १ पृष्ठभूमि ४

१.१. परिचय ५

१.२. अध्ययनका उद्देश्यहरू ७

१.३. अध्ययन विधि र सीमाहरू ७

परिच्छेद २ सन्दर्भ सामाग्री पुनरावलोकन ९

२.१. बोक्सीसम्बन्धी सैद्धान्तिक अवधारणा १०

२.२. पश्चिमी अवधारणा ११

२.३. पूर्वीय अवधारणा १२

परिच्छेद ३ महिलामाथि हुने हिंसाको आयाम १५

३.१. महिलाविरुद्ध हुने हिंसाको रूपमा बोक्सी प्रचलन १८

३.२. बोक्सीको आरोपमा महिलामाथि हुने हिंसाको स्वरुप र यसका कारक तत्वहरू २२

परिच्छेद ४ नतिजा तथा विश्लेषण २५

४.१. बोक्सीको आरोपमा महिलामाथि हुने हिंसाको वर्तमान परिवेश र यथार्थता २६

४.२ बोक्सीको आरोपमा महिलामाथि गरिएका हिंसाका प्रकारहरू २७

४.३ हिंसा प्रभावित महिलाहरूको उमेर २८

४.४ हिंसा प्रभावित महिलाको जातीगत विवरण २९

४.५ बोक्सीको आरोप लगाई महिलामाथि गरिएका हिंसाका घटनाहरूको क्षेत्रगत विवरण ३१
४.६ बोक्सीको आरोप लगाउने वा पहिचान गराउने व्यक्ति/समूह ३३
४.७ न्यायिक अवस्था ३३
४.८ कारणहरू ३३
४.९. बोक्सीको आरोप पश्चात महिलाहरूले भोग्नु परेको समस्या ३४
४.९.१. बोक्सीको आरोप लगाई गरिएको हिंसाबाट महिलामा परेको असर : ३४
४.९.२ बोक्सीको आरोप लगाई महिलामाथि गरिएको हिंसाको यथार्थता ३५
४.९.३.कानुनमा देखिएका समस्याहरू ३७

परिच्छेद ५ ३८
५.१. महिलाविरुद्ध हुने हिंसासँग सम्बद्ध अन्तर्राष्ट्रिय कानुनी संयन्त्रहरू ३९
५.२. महिलामाथि हुने हिंसा न्यूनीकरणका लागि विद्यमान राष्ट्रिय कानुनी संयन्त्रहरू ४१

परिच्छेद ६ ४५
सन्दर्भ सामाग्री ४९
अनुसूची नं १ ५०

कार्यकारी सारांश

बोक्सीको आरोप लगाई महिलामाथि गरिने हिंसा, यातना र अमानवीय व्यवहार महिलाको मानव अधिकारको हनन हो । महिला भएकै कारण उनीहरूमाथि लगाइने बोक्सीको आरोप र दुर्व्यवहारका कारण नेपाली महिलाहरू सामाजिक, मानसिक, शारीरिक तथा यौनिक हिंसाबाट पीडित/प्रभावित हुनु परेको स्थिति छ । यही दुर्व्यवहारका कारण कतिले ज्यान गुमाउनु परेको छ भने कति जना विस्थापित हुनु परिरहेको छ । महिलामाथि हुने हिंसाका घटनाहरू हरेक दिन जस्तो घटिरहेका छन् । यही अवस्थालाई मध्यनजर गरी विगत २ वर्षमा देशभर बोक्सीको आरोपका कारण कति महिलाहरू पीडित/प्रभावित हुनु पऱ्यो भन्ने यथार्थतालाई सबैका सामु उजागर गर्न ओरेक नेपालको अभिलेख शाखामा अभिलेखन गरिएका र विभिन्न राष्ट्रिय दैनिक पत्रपत्रिकाहरूमा समेत प्रकाशित भएका घटनाहरू संकलन गरी विश्लेषण गर्ने जमर्को गरिएको छ ।

सन् २०११ जुलाईदेखि २०१२ जुनसम्म ७६ वटा घटना र २०१२ जुनदेखि २०१३ जुलाईसम्म ८० वटा घटना गरी जम्मा २ वर्षमा रिपोर्टिङ्ग भएका १५६[1] वटा घटनाहरूमा बोक्सीको आरोपमा महिलामाथि कस्ता कस्ता प्रकारका हिंसा भए कुन उमेर समूहका महिलाहरूमा सो हिंसा बढी हुने गरेको छ, कुन जातिमा त्यस्तो घटना बढी हुने गरेको छ, कुन विकास क्षेत्रमा बोक्सीको आरोप लगाई गरिएका हिंसाका घटनाहरू बढी रिपोर्टिङ्ग भएका छन् र त्यसका कारणहरू के हुन् भनेर यस अध्ययनमा केलाउन खोजिएको छ ।

बोक्सीको आरोप लगाई महिलामाथि गरिने हिंसाको स्वरुपहरूलाई हेर्दा सबभन्दा बढी कुटपिट, मानसिक यातना र अमानवीय व्यवहार (मानव मलमुत्र खुवाउने, कालोमोसो दल्ने, कपाल खौरने, थुक चाट्न लगाउने लगायतका दुर्व्यवहार) गर्ने गरेको पाइएको छ । प्रतिवेदनमा अभिलेखित घटनालाई विश्लेषण गर्दा २०११ जुलाईदेखि २०१२ जुनसम्म घटेका ७६ वटा घटनामा सब भन्दा बढी (४३ वटा) कुटपिट, १४ वटा

१ ओरेक नेपालद्वारा प्रकाशित महिला हिंसाका घटनाको मासीक प्रतिवेदनमा आधारीत http://worecnepal.org/monthly-report

मानसिक यातना, ३ वटा हत्या लगायत अन्य १६ वटा घटना घटेका छन् । त्यसै गरी सन् २०१२ जुलाईदेखि २०१३ जुनसम्म रिपोर्टिङ्ग भएका ८० वटा घटनाहरूमा सबभन्दा बढी (४४ वटा) कुटपिट, २४ वटा मानसिक यातना, ३ वटा घर निकाला, २ वटा गाँउ निकाला लगायतका अन्य ७ वटा घटना रहेका छन् ।

बोक्सीको आरोप लगाई दुर्व्यवहार गरिएका महिलाहरूको उमेरलाई विश्लेषण गर्दा २०११ जुलाईदेखि २०१२ जुनसम्ममा २६ देखि ३५ वर्षका महिला १८ जना, १६ देखि २५ वर्ष उमेर समूहका १७ जना, ३६ देखि ४५ वर्षका १७ जना, ४६ देखि ५५ वर्षका १५ जना र यो भन्दा माथिका ९ जना महिलालाई बोक्सीको आरोप लगाई हिंसा गरिएको छ भने २०१२ जुलाईदेखि २०१३ सम्म रिपोर्टिङ्ग भएका घटनालाई हेर्दा उमेरको हिसावले ४६ देखि ५५ वर्ष उमेर समूहका २५, ३६ देखि ४५ वर्षका १८ जना, २६ देखि ३५ वर्षका ९, १६ देखि २५ वर्षसम्मका ८ र ५६ देखि माथिका २० जना महिलालाई बोक्सीको आरोप लगाई हिंसा गरिएको देखिएको छ ।

यो तथ्याङ्कलाई विश्लेषण गर्दा १६ वर्षदेखि ६० वर्षसम्मका महिलाहरूलाई बोक्सीको आरोप लगाई शारीरिक र मानसिक रूपमा यातना दिने गरेको पाइएको छ । यसमा पनि ३६ वर्षदेखि ४५ वर्ष उमेर समूहका महिलाहरूलाई विशेष गरी बढी आरोप लगाउने गरेको देखिन्छ । यो तथ्याङ्कले किशोरी अवस्थादेखि नमरुन्जेल सम्मको उमेरमा महिलाहरूलाई यस्तो किसिमको हिंसा खेप्नुपर्ने बाध्यता छ भन्ने यथार्थतालाई उजागर गरेको छ । प्राप्त तथ्याङ्कले तराई जनजाती र तराई गैर दलित महिलालाई बढी मात्रामा बोक्सीको आरोप लगाई हिंसा गरिएको देखाएको छ । घटनाको रिपोर्टिङ्ग पूर्वाञ्चलमा सबैभन्दा धेरै भएको छ भने सुदूर पश्चिमाञ्चलमा सबैभन्दा कम रिपोर्टिङ्ग भएको देखिन्छ । यसको अर्थ त्यहाँ घटना नै कम घटेको भन्ने पक्कै हैन । जहाँ सूचना पुगेको छ, महिलाहरू सशक्त भएका छन् र हिंसा पीडित महिलाहरूको लागि सहयोगी संयन्त्रको विकास भएको छ, महिला समूह र नेटवर्कहरू बलिया छन्, मानव अधिकारको क्षेत्रमा कार्यरत सङ्घ संस्थाको उपस्थिति छ त्यहाँ रिपोर्टिङ्ग पनि बढी भएको छ । जहाँ भौगोलिक विकटता, सूचनामा पहुँचको कमी, सेवा प्रदायक र मानव अधिकारको क्षेत्रमा कार्यरत संस्थाहरूको कम उपस्थिति र सहयोगी संयन्त्रको

कमी भएकै कारण शायद मध्य पश्चिमाञ्चल र सुदूर पश्चिमाञ्चलमा रिपोर्टिङ्ग कम भएको हुनु पर्दछ ।

समाजमा घटेका धेरै घटनाहरूलाई हेर्दा कमजोर पक्षलाई अझ बढी कमजोर बनाएर समाजमा बहिष्करण र विस्थापित गर्न खोजिएको, धेरै घटनामा सम्पत्ति, जग्गाको स्वामित्वका कारण उत्पन्न भएको झगडाले महिलालाई बोक्सीको आरोप लगाउने गरेको पनि पाइएको छ । कतिपय घटनामा व्यक्तिगत रिसइवी, संयोगवश घटेका कुनै घटना र कथित बोक्सीको पारिवारिक पृष्ठभूमि भएका महिलालाई आधार बनाएर आरोप लगाउने गरिएको छ । समुदायमा महिलालाई बोक्सी भनेर पहिचान गराउन वा आरोप लगाउनमा सबैभन्दा ठूलो हात धामी/झाँक्री, आफ्नै परिवारका सदस्य, नातेदारहरू र छिमेकीहरू रहेको देखिन्छ ।

समाजमा जबसम्म धामी/झाँक्रि, गुरुवाको शक्तिलाई कम गरिंदैन, जो यस्तो जघन्य अपराधमा संलग्न हुन्छन् त्यस्ता व्यक्तिहरूलाई कडा कानुन बनाएर कारबाही गरिंदैन तबसम्म महिलाले बोक्सीको आरोपमा हिंसा सहन बाध्य हुनु पर्नेछ । अन्धविश्वासको आडमा समाजमा रहेको बोक्सी प्रचलन एक गम्भीर किसिमको मानव अधिकार विरोधी कार्य हो । यस्ता घटनाहरूलाई रोक्न र नियन्त्रण गर्न नेपाल सरकार, सरकारी तथा गैरसरकारी सङ्घ संस्था, नागरिक समाज लगायत बुद्धिजीवीहरूको समेत सक्रिय सहभागीताको आवश्यकता पर्दछ । तसर्थ हाम्रो समाजमा हरेक दिन जस्तै बोक्सीको आरोप लगाई महिलामाथि गरिने हिंसाको अवस्थालाई जस्ताको तस्तै सबैको सामु उजागर गरी समस्या समाधानको लागि सरकार र नागरिक समाजलाई गम्भीर भएर सोच्न र उत्तरदायी बनाउन यो प्रतिवेदनले महत्वपूर्ण भूमिका खेल्नेछ भन्ने अपेक्षा राखिएको छ ।

परिच्छेद १ पृष्ठभूमी

परिच्छेद १
पृष्ठभूमि

१.१. परिचय

मानिसले मानिसकै हैसियतमा मर्यादित भएर बाँच्नका लागि आवश्यक पर्ने सबै अधिकारहरूलाई मानव अधिकार भनिन्छ । आत्मसम्मानका साथ जीवन जीउन पाउनु प्रत्येक व्यक्तिको नैसर्गिक अधिकार हो । सबैलाई समान हुने र हिंसामुक्त जीवन बाँच्न पाउने अधिकार छ । प्रत्येक व्यक्तिलाई वैयक्तिक जीवन, स्वतन्त्रता र सुरक्षाको अधिकार छ । सबै व्यक्तिलाई शारीरिक यातना, क्रुरता र अपमानजनक व्यवहार विना स्वतन्त्र भई बाँच्न पाउने अधिकार छ ।[२]

नेपाल संयुक्त राष्ट्र सङ्घको सदस्य राष्ट्र भएका कारण आफ्नो राष्ट्रका सबै नागरिकहरूलाई विना भेदभाव मानवअधिकारको प्रत्याभूति दिलाउने तथा हरेक नागरिकको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन गर्ने जिम्मेवारी सरकारमा निहित छ । कानुनको अगाडि सबै समान छन् र समान संरक्षणबाट कसैलाई पनि बञ्चित गरिने छैन भनी नेपालको अन्तरिम संविधान २०६३ को धारा (१३) **समानताको हक** (१)

> **संयुक्त राष्ट्र सङ्घको महासभाले** "सामाजिक लिङ्गका आधारमा गरिने सम्पूर्ण कार्यहरू जसबाट महिलालाई शारीरिक, मानसिक, सामाजिक र यौनिक रूपमा आघात पुग्दछ; डर, धाक, धम्की, ओहोदा र हैसियतको प्रयोग गरी त्यस किसिमको आघात पुऱ्याउने कार्य गरिन्छ; वा बलपुर्वक महिलाको स्वतन्त्रता हनन गर्दै व्यक्तिगत र सामाजिक जीवनमा प्रभावित गर्दछ" भने त्यस्ता सबै कार्यहरूलाई महिलाविरुद्धको हिंसा भनिन्छ (संयुक्त राष्ट्र सङ्घ, १९९३) । भनेर स्पष्ट रूपमा व्याख्या गरेको छ ।

२ मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८ को धारा नं १, २, ३ र ५ ले व्यक्तिको अधिकारहरुलाई स्पष्ट व्याख्या गरेको छ ।

मा व्यवस्था गरिएको छ । त्यसैगरी धारा २० **महिलाको हक** (३) मा "कुनै पनि महिलाविरुद्ध शारीरिक, मानसिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य गरिने छैन र त्यस्तो कार्य कानुनद्वारा दण्डनीय हुनेछ" भन्ने कुरालाई स्पष्टताका साथ व्याख्या गरिएको छ तर बिडम्बना हाम्रो समाजमा धेरै महिलाहरूले हरेक दिन हिंसा सहेर बस्न बाध्य भएका छन् ।

महिलामाथि हुने विविध हिंसाहरूमध्ये बोक्सीको आरोप लगाई गरिने हिंसा एक हो । ओरेक नेपालको तथ्याङ्कअनुसार जुलाई २०११ देखि २०१२ जुनसम्म ७६ जना महिलामाथि बोक्सीको आरोप लगाई दुर्व्यवहार गरिएको थियो । त्यसैगरी जुलाई २०१२ देखि २०१३ सम्ममा ७१ जना महिलाहरूमाथि बोक्सीको आरोप लगाई मानव सभ्यतामा नै प्रश्न उठ्ने गरी बिभत्स प्रकृतिका हिंसाहरू गरिएका छन् ।

प्रजातान्त्रिक मूल्य र मान्यता अंगालेको हाम्रो देशमा बोक्सीको आरोप लगाई महिलामाथि गरिने गरिएका पछिल्ला घटनाक्रमहरूले महिलाको स्थितिलाई प्रस्टयाएको छ । यस्ता जघन्य अपराधका घटनाहरू घट्नुले यो राष्ट्रमा मानव अधिकारको स्थितिलाई छर्लङ्ग्याएको छ । यस्ता घटनाका केही उदाहरणहरूमा केही वर्ष अगाडि महोत्तरीको सिमरदहीमा भएको बोक्सी बकाउने काण्ड, चितवनको माडिमा कुटपिट गरी जिउँदै जलाएको घटना र पर्सामा निर्घात कुटपिट गरी मानव मलमूत्र खुवाई हत्या गरेको घटना । त्यसपछि र अघि पनि मरनी देवी, पार्वती र ढेगनी देवीहरू जस्ता महिलाले बोक्सीको नाममा घरनिकाला, गाँउ निकाला हुनुपरेको छ, कति जना अपाङ्ग बन्नु परेको छ, कतिले शारीरिक र मानसिक यातना सहनुपरेको छ, कतिले ज्यान समेत गुमाउनु परेको छ । यस्ता घटनाहरू एक पछि अर्को घट्दै गएका छन् घटनाको संख्या र प्रकृतिमा कमी आउनुको सट्टा अझ बढ्दै गएको छ । अझ यसले एउटा सामाजिक अपराधको रूपमा हामी सबैलाई गम्भीर चुनौती दिदैछ । बढ्दो सामाजिक जागरण र प्रजातान्त्रिक प्रक्रियाको सापेक्षतामा यस्ता घटनाहरूको निरन्तर पुनरावृत्ति हुनु समाजको लागि एक गम्भीर विषय हो ।

अन्तर्राष्ट्रिय दस्तावेजहरूले नेपालको कानुनले पनि महिलाको मानव अधिकारलाई सुनिश्चित गरेको छ । सरकारद्वारा विभिन्न तहमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवद्धताहरू व्यक्त गरिएका छन् । नीति तथा योजनाहरू तयार गरिएका छन् ।

स्थानीय स्तरदेखि नै आम सचेतीकरणको कामहरू भइरहेका छन् र महिलामाथि भएका हिंसाविरुद्ध आवाज उठाउनेहरूको संख्या पनि बढ्दै गइरहेको छ । यो निश्चय पनि सकारात्मक कुरा हो । तर यस्ता कानुन र नीतिहरूको प्रभावकारी कार्यान्वयन र अनुगमन सरकारबाट बेलामा नै हुन नसक्दा अर्कोतिर हरेक दिन जसो महिलाहरू विभिन्न यातना, हिंसा र दुर्व्यवहारका शिकार बनेका छन् । कयौं महिलाले यातनाकै कारण ज्यानसमेत गुमाउनु परिरहेको तीतो यथार्थता हाम्रो सामु छ । यस्ता हिंसाले महिलाको वैयक्तिक विकासमा प्रतिकूल असर पार्नुका साथै उनीलाई समाजको पृथक तहमा राख्ने कार्य गरेको छ । राजनीतिको अपराधीकरण र अपराधको राजनीतिले हिंसा गर्नेहरूलाई थपबल पुऱ्याउनुका साथै पीडितलाई अझ पीडित बनाएको अवस्था छ ।[३]

महिलालाई बोक्सीको आरोप लगाई गरिने हिंसा मानव अधिकारको उल्लङ्घन हो । समाजमा विद्यमान अन्धविश्वास र कुरीतिजन्य व्यवहारले महिलामाथि गरिने हिंसालाई अझ बढावा दिइरहेको छ । महिलालाई लगाइने यस्तो आरोपका कारण व्यक्ति, परिवार र समाजमा पारेको र पार्न सक्ने असरका बारेमा विश्लेषण गरी महिलामाथि गरिने यसप्रकारको हिंसालाई कम गर्न परम्परावादी सोच र धारणामा परिवर्तन ल्याउनु आवश्यक छ भन्ने तथ्यलाई यो प्रतिवेदन मार्फत प्रकासमा ल्याउने जमर्को गरिएको छ ।

१.२. अध्ययनका उद्देश्यहरू

- बोक्सीको आरोप लगाई महिलामाथि गरिने हिंसाको अवस्थालाई उजागर गरी त्यसको अन्त्यको लागि रणनीति तयार गर्न ।
- बोक्सीको आरोप लागी हिंसा खप्न बाध्य बनाइएका पीडित/प्रभावित महिलाहरूको न्याय प्राप्तीको लागि पैरवी गर्न ।

३ नेपालले अनुमोदन गरेका अन्तराष्ट्रिय महासन्धिहरू :
१. नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र : १९६६
२.आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र : १९६६
३. महिलाविरुद्ध हुने सबै किसिमका भेदभाव उन्मूलन सम्बन्धी महासन्धि १९७९
४.यातना तथा अन्य क्रूरता अपमानजनक व्यवहार विरुद्धको महासन्धि १९८४

१.३. अध्ययन विधि र सीमाहरू

यो प्रतिवेदन ओरेक नेपालको अभिलेखन शाखामा अभिलेख गरिएको तथा राष्ट्रिय दैनिक पत्रिकामा प्रकासित जानकारी र तथ्याङ्कलाई आधार बनाई तयार पारिएको हो । प्रतिवेदनमा बोक्सीको आरोपमा महिलामाथि हुने हिंसाको हालको अवस्था, यस्ता जघन्य अपराधहरू हुनुको कारण र नेपालले विभिन्न समयमा अनुमोदन गरेका अन्तर्राष्ट्रिय सन्धि महासन्धिहरू र राष्ट्रिय कानुनले महिलाको मानव अधिकारको सुनिश्चितताको व्याख्या गरेका अधिकारहरूलाई विश्लेषण गर्ने प्रयास गरिएको छ ।

यस प्रतिवेदनमा ५ विकास क्षेत्रमा महिलामाथि बोक्सीको आरोप लगाई गरिएका हिंसाका घटनाहरूलाई समेट्ने प्रयास गरिएको छ । समाजमा लुकेर रहेका अथवा बाहिर आउन नसकेका र अभिलेखन गर्ने क्रममा संस्थाको पहुँचभन्दा बाहिर रहेका घटनाहरूलाई यसमा समावेश गर्न सकिएको छैन । यो प्रतिवेदनले सबै जिल्ला तथा स्थानीय स्तरसम्म घटेका सबै घटनाहरूको अवस्थालाई हुबहु उतार्न नसके पनि समग्रमा नेपालमा बोक्सीको आरोप लगाई महिलाहरूमाथि हुने वा गरिने हिंसाको अवस्थाको स्वरुपलाई भने सबैको सामु चित्रण गर्न सक्छ भन्ने विश्वास छ ।

परिच्छेद २

सन्दर्भ सामाग्री पुनरावलोकन

परिच्छेद २
सन्दर्भ पुनरावलोकन

२.१. बोक्सीसम्बन्धी सैद्धान्तिक अवधारणा

मानवशास्त्रको सैद्धान्तिक सामग्रीहरूमा बोक्सीको अन्य विश्लेषण र विचारहरू पनि पाइन्छ । केही सामग्रीहरूमा मानिसहरूको स्वभावको आधारमा बोक्सीको आरोपबारे उल्लेख गरेको पाइन्छ ।

क्लुकहोन (१९४४) का अनुसार बोक्सीसम्बन्धी विश्वासले आक्रामक धारणाहरूलाई विस्थापित गर्ने काम गर्दछ र त्यो तथाकथित बोक्सीहरूको विरुद्ध बागडोर सम्हालि रहेका प्रौढहरुको विरुद्धमा लक्षित हुन्छ । ग्लुकम्यान (१९६८) का अनुसार बोक्सी हुन्छ भनेर विश्वास गर्नु भनेको रिस, घृणा, डर, इर्ष्या र निराशा जस्तो बलियो नकारात्मक भावनाको प्रत्याभूति हो । लिन्डेनवाउम (१९७२) का अनुसार एकताबद्ध समूहको सुरक्षाको सदस्यता प्राप्त नगरेका व्यक्तिहरूबीचको तनाव कम गर्ने यो एक अनिवार्य माध्यम हो । यी सिद्धान्तहरूका अनुसार बोक्सीसम्बन्धी विश्वासका संयन्त्रहरूलाई एउटा समूहले समाजमा जोगाएर राखि रहन्छ र त्यसबाट उसले फाइदा लिइरहेको हुन्छ ।

ग्यारेट (१९७७) का अनुसार ग्रामीण परिवेशमा बोक्सीसम्बन्धी धारणाले तनाव सिर्जना गर्दछ, जो साधारणतया सिमान्तकृत महिलाहरूमाथि केन्द्रित हुन्छ । यो तनावको मुख्य केन्द्र विन्दु महिलाको यौनिकता हो जसभित्र शक्ति र गतिशीलताको अवधारणा समेटिएको हुन्छ। धेरै जसो समाजमा महिलाहरूको गतिशीलता पुरुषहरूको नियन्त्रणमा हुन्छ । अनुपयुक्त महिला आचरणको आरोप लगाइएकाले समाजमा आफ्नो सम्मान गुमाउन पुगेका महिलाहरूले अविश्वास, दुश्मनी र डर त्रासको सामना गर्नु पर्दछ । त्यस अवस्थामा मानसिक तनावको कारणका रूपमा व्यक्त गरिएको बोक्सीको आरोपले समाजमा महिलाको स्थान र अन्तरव्यक्ति सम्बन्धहरू

बारे धारणालाई प्रस्तुत गर्दछ । त्यसलाई द्वन्द्व, निराशा वा एक्लो बनाउने प्रक्रियाको रूपमा परिभाषित गर्न सकिन्छ ।

सू (१९८३) का अनुसार बोक्सीको दोषारोपणले मनोवैज्ञानिक तनाव शिथिलीकरण गर्ने काम गर्दछ । त्यसैगरी डग्लास (१९९१) का अनुसार समाजमा पहिलादेखि नै जसलाई हेला गरिएको हुन्छ उसलाई प्रत्यक्ष रूपमा राजनैतिक शक्तिबाट पाखा लगाउन र उमाथि नियन्त्रण गर्न बोक्सीको आरोप लगाई पीडित बनाइन्छ ।

२.२. पश्चिमी अवधारणा

मानव सभ्यताको विकाससँगै अर्थात जब मानिसहरू समूहमा बस्न थाले तबदेखि नै मोहनी लगाउने र बोक्सी विद्याको प्रचलन सुरू भएको अनुमान छ । प्रागैतिहासिक कालमा सफल शिकार गर्नको लागि जादुई संस्कारलाई आवश्यक मानिएको पाइन्छ । विशेष गरी युनानी र रोमनहरूको पौराणिक कला र लोकगीतबाट जादु टुनाको बारेमा जानकारी बाहिर आएको हो । रोमन कानुनले राम्रो जादु र हानी गर्ने कालो जादुलाई छुट्याएर, कालो जादुलाई कानुनी रूपमा दण्डित गर्ने व्यवस्था गरेको कानुन बनाएको थियो । इशाई धर्मको प्रचार प्रसार बढ्न थालेपछि विस्तारै त्यो विभेदको अन्त्य हुन थाल्यो र बोक्सी विद्यालाई शैतानको पूजासँगै जोडिन थाल्यो ।

युरोपमा मध्य यूगदेखि सत्रौं शताब्दीसम्म, जुन ई.सं. ७०० तिर सुरू भयो, बोक्सी विद्या चर्चको पुरानो शिक्षाको प्रतिकूल (ईसाई धर्मको शिक्षाको विरुद्व) स्थापित हुन थाल्यो । इसाई चर्चहरूले त्यसका विरुद्वमा लामो अभियानको सुरु गऱ्यो । सन् १००० को सुरुवातदेखि धार्मिक गुरुहरूले प्रचलित धर्मको विरोधीलाई जलाएर मार्ने सजाय सुनाउन थाले । सन् १२३० तिर चर्चको प्रयासबाट सुरु भएको न्यायिक जाँचले प्रचलित धर्मको विरुद्वमा तथा आफ्नो विचार परिवर्तन गर्न दवाव दिनेहरूलाई बाहिर निकाली सजाय दिने प्रयास गरेको थियो । आखिरमा धर्मनिरपेक्ष अदालतको साथसाथै इसाई चर्चहरू पनि बोक्सीहरूको उत्पीडनमा सामेल भए । विशेष गरी पन्ध्रौ शताब्दीपछि बोक्सीको आरोप लागेका धेरै जसो मानिसहरू परिक्षणको लागि धर्मनिरपेक्ष अदालतमा आएका थिए । तिनीहरूलाई त्रासदिपूर्ण संस्कारबाट मानव

बली दिने तथा शैतानको पूजा गर्ने भनी अभियोग लागेको थियो । [४]

शैतानको पूजा गर्ने प्रचलन वास्तवमै अभ्यासमा रहेपनि अत्यधिक व्यापक भएको कुरामा इतिहासकारहरू शंका गर्दछन् तर यस्ता कथाहरूले अझै पनि डर तथा चिन्ताको वातावरण बनाइरहेको अवस्था छ ।

सन् १६९२ मा सलेम, मासमा सबैभन्दा प्रसिद्ध अमेरिकी बोक्सीको शिकार सुरु भएको थियो । उक्त किम्बदन्ती अनुसार गाँउका किशोरीहरूको एक समूह गुप्त रूपमा जादु टुनाबाट मोहित भए र त्यसको अभ्यासमा लागे तर उनीहरूको खेल उनीहरूको हात बाहिर गयो । उनीहरूको अनौठो प्रकारका व्यवहारहरू देखाउनुका साथै विचित्रको आवाज निकालेर कराउने र काम्ने गर्न थाले । ती किशोरीहरूको यस्तो व्यवहार हुनमा बोक्सीहरू जिम्मेवार रहेको आशंका गरी तीन जना महिलाहरूलाई पक्राउ गरियो । त्यसपछि अरू धेरै जनालाई समातियो परीक्षण गरियो । करिब १५० जना मानिसहरूलाई बोक्सीको आरोपमा जेल पठाइयो । १९ जना महिला तथा पुरुषहरूलाई बोक्सीको रूपमा दोषी ठहर गरी झुन्डयाएर मारियो । एक जना मानिसलाई बोक्सीको आरोपमा आफू निर्दोष वा अनभिज्ञ भएको प्रमाणित नचाहेपछि ठूलो ढुङ्गाले हानेर मारिन बाध्य पारियो । जादुटोनाको डर एक बर्षसम्म रह्यो । बोक्सीको आरोपमा जेलमा रहेका केही व्यक्तिहरू सन् १६९३ मा जेलबाट रिहा भए भने केहीलाई १७११ मा म्यासाचुसेप्स औपनिवेशिक विधायिकाले बोक्सीको आरोपमा पीडित भएको परिवारहरूलाई क्षतिपूर्ति दिएका थिए । १७ औं शताब्दिको अन्त्य तिर धेरै बुद्धिजीवीहरूले बोक्सी विद्या हुँदैन भन्ने कुरामा छलफल चलाए पछि कानुनले यसलाई आधार मानेर सजाय दिन रोक लगायो र १८ औं शताब्दीमा यसको अन्त्य भएको देखिन्छ ।[५]

---

४ A study of the problem of witch accusation in Nepal (Khar Bhushan Sah - 2007)

५ A study of the problem of witch accusation in Nepal (Khar Bhushan Sah - 2007)

२.३. पूर्वीय अवधारणा

संसारभर नै अलौकिक शक्ति वा तान्त्रिक विद्यामा विश्वास राखिन्छ तर कहीं यसलाई सकारात्मक रूपमा लिइन्छ भने कही नकारात्मक । तान्त्रिक विद्याको एउटा रूपमा बोक्सी विद्या हुन्छ भन्ने गलत अन्धविश्वास वा धारणाले गर्दा कैयौं देशहरूमा महिला, पुरुषलाई युगौदेखि निर्मम शारीरिक र मानसिक यातना दिइदै आएको छ ।

बेनेट (१९७६) का अनुसार ब्राम्हण र क्षेत्री घरपरिवारमा बारम्बार दोस्रो पत्नी र बृद्ध एकल महिलाहरूलाई बोक्सीको रूपमा शंका गरेर हेरिन्छ । एकल महिलाको साथै बच्चा जन्माउन नसकेका विवाहित महिलाहरूलाई गर्भवती महिलाहरूको अगाडि आएमा ती महिलाहरूले पनि बच्चा जन्माउन सक्दैनन गाह्रो हुन्छ भनेर अगाडि आउन दिदैनन् । तसर्थ बाँझोपन, गर्भ तुहिनु, भर्खर जन्मेको बच्चा मर्नु बोक्सीको कारणले भएको हो भन्ने चलन छ ।

इपस्टेन (१९७६) ले भारतको मैसुर गाँउसँग सम्बन्धित भएर बोक्सीको विश्वासको बारेमा समाजशास्त्रीय धारणाबाट चार प्रकारका दृष्टिकोण राखेका छन् । उनका अनुसार सबै बोक्सीको आरोपहरू महिलाको विरुद्धमा छन्, उनीहरू सबै intra-caste का छन् ती सबै पारस्परीक सम्बन्धको कारणले भएको छ र दोषी महिलाहरू धरै जसो आर्थिक रूपमा परनिर्भर छन् । तसर्थ रूढिबादि परम्परागत, पितृसत्तात्मक शक्ति संरचनागत समुदाय जहाँ महिलाहरूलाई बाहिरी तत्वको रूपमा राखिन्छ त्यहाँ महिलालाई यस्तो आरोप लगाईन्छ भन्ने पुष्टि गर्दछ ।

स्टोन (१९७६) ले ब्राहमण क्षेत्रीसमुदायमा अध्ययन गर्दा बोक्सीको बारेमा दुई फरक विचारहरू उल्लेख गरिएका छन (क) बोक्सीहरू भनेका यस्ता मानिसहरू हुन् जो अरूलाई हानी गर्न तत्पर भएर जादुटुनाहरू सिक्छन् र ख) अर्को सबै मानिसहरूमा सुक्ष्म र शान्त रूपमा अलिकति बोक्सी तत्व हुन्छ, तर यो मानिसलाई रिस उठेको र डाह लागेको समयमा सक्रिय हुन्छन् ।[६]

---

६ • A study of the problem of witch accusation in Nepal (Khar Bhushan Sah - 2007)

• Garrett, C(1977) Women and witches: patterns of Analysis Signs

नेपाली समाजमा गाँउघरमा केही महिलाहरू बोक्सी हुन्छन् जसले आफ्नो आमाबाट बोक्सी विद्या सिक्छन् । बोक्सीले मानिसहरू विशेषगरी सुतीरहेको बेलामा र खाईरहेको बेलामा हेरेको भरमा मात्र हानी पुऱ्याउन सक्छन् । केही शक्तिशाली बोक्सीहरूले उनीहरूलाई नदेखिकन मन्त्रबाट पनि दुःख दिन्छन् । बोक्सीलाई कोही व्यक्ति मन परेन भने उसले खानेकुरामा बोक्सी मन्त्र फुकेर खान दियो भने त्यो मान्छे मर्छ वा बिरामी हुन्छ, दुध दिने गाई वा भैसीलाई बोक्सी लागेमा विरामी भएर दुध दिंदैन, बोक्सीले रिस उठेको महिलाको कोख बानिदियो भने बच्चा जन्माउन सक्दैन वा बाँझो बनाइदिन्छ भन्ने लगायतका धारणाहरू रहेको पाइन्छ ।

माथिका कतिपय व्याख्याले बोक्सी सम्बन्धी गलत धारणा, परम्परागत गलत विचार हरूको बारेमा अझ थप जानकारी दिने कुरामा नेतृत्व गर्दछ । यसले पितृसत्तात्मक सामाजिक, साँस्कृतिक संरचनालाई धेरै तरिकाबाट प्रयोग भएको देखाउँछ । जस्तो अन्तर समूह बीच संघर्षको स्थिति, धनि, गरिब, दलित, जनजाती बीचको अन्तरद्वन्द्व र समाजमा महिलाको समान अस्तित्वलाई नस्विकारि रहेको अवस्था । यस प्रकार कुरीतिजन्य परम्परागत संयन्त्रलाई क्रियाशील राखेर केही समूह वा वर्गले महिलाहरूलाई डर त्रासमा राख्नुका साथै उनीहरूको शारीरिक गतिशिलता र यौनिकतालाई प्रतिवन्धित गर्दछन् जसबाट उनीहरूलाई फाइदा पुगिरहेको हुन्छ ।

परिच्छेद ३

महिलामाथि हुने हिंसाको आयाम

परिच्छेद ३
महिलामाथि हुने हिंसाको आयाम

हरेक महिलाले समाजमा स्वतन्त्रतापूर्वक र सम्मानपूर्वक बाँच्न र जीवनयापन गर्न पाउने आधार नै महिलाको मानव अधिकार हो । यद्यपी हाम्रो समाजमा संस्कृति, मूल्य मान्यता, अन्धविश्वासलाई आड बनाएर २१औं शताब्दिमा पनि हरेक दिन जस्तो महिलालाई बोक्सीको आरोप लगाई हिंसा, दुर्व्यवहार, यातना र हत्या गरिने गरेको यथार्थता हाम्रो सामु छ ।

नेपाली महिलाहरू पितृसत्तात्मक सामाजिक व्यवस्था र सोचका कारण विभेदित र हिंसाको सामना गर्दै बाँच्न बाध्य छन् । यो स्थितिले लैङ्गिक विभेदलाई अझ बढाएको छ । पितृसत्तात्मक व्यवस्थाले परम्परादेखि चलिआएको पारिवारिक मूल्य, मान्यता र सम्मानलाई नै निरन्तरता दिएको छ । तथापि यी मूल्य र मान्यताहरूको मूल्य महिलाहरूले दुर्व्यवहार र हिंसा सहेर नै किन चुकाउन नपरोस् । यी सामाजिक तथा पारिवारिक मूल्य र मान्यताहरूले महिलालाई हिंसा तथा दुर्व्यवहार विरुद्ध आवाज उठाउन र त्यसको उपचार खोज्न अत्यन्त कठिन बनाएको छ । जसले गर्दा उनीहरू दोहोरो मारमा पर्नु पर्ने बाध्यता छ । एकातिर उनीहरू आफूमाथि हिंसा गर्ने पीडकका विरुद्ध लड्नु परिरहेको छ भने अर्कातिर हिंसालाई मलजल गर्ने चुनौतिपूर्ण सामाजिक मूल्यमान्यताका विरुद्ध संघर्ष गरिरहनु परेको छ । यसले पीडित/प्रभावित महिलाको जीवनलाई अझ थप चुनौतीपूर्ण बनाइदिएको छ । त्यसकारण हाम्रो समाजमा महिलालाई मात्र बोक्सीको आरोप लगाई गरिने हिंसा किन यसरी बढ्दै गइरहेको छ त भन्ने बारेमा विभिन्न आयामहरूलाई हेर्न र विश्लेषण गर्न जरुरी हुन्छ ।

सामाजिक : पितृसत्तात्मक सामाजिक संरचना, मूल्य मान्यताका, परम्परा र विश्वासका कारण यस्तो हिंसाले समाजमा संरक्षण र बढावा पाइरहेको अवस्था छ । बोक्सीको आरोप लगाइने प्रवृति पछाडि पारिएको वर्ग, जाती र लिङ्गसँग जोडिएको पाइन्छ । बोक्सीको आरोप लगाई महिलालाई सामाजिक वहिष्करण गर्ने, मानव मलमूत्र खुवाउने, अपमान गर्ने, चरित्रहत्या गर्ने, गाँउ निकाला गर्ने, कुटपिट गर्ने, हत्या गर्ने, जिउँदै जलाउने जस्ता हिंसात्मक व्यवहारले महिलाहरू आफ्नो परिवार, समाज र देशमा नै सुरक्षित छैनन् भन्ने स्पष्ट पार्छ । उनीहरूको समाजमा स्वतन्त्र र सम्मानपूर्वक बाँच्न पाउने अधिकार समेत खोसिएको छ । साथै महिलाको

अस्तित्वलाई यो समाजमा स्विकारिएको छैन भन्ने सत्यतालाई अनुभूति गर्न बाध्य बनाइएको छ ।

हाम्रो गाँउघरमा अहिले पनि कोही बिरामी भयो भने पहिला धामी/झाँक्रि, गुरुवालाई प्रमुख मान्यता दिने चलन छ र उनीहरूले भनेको कुरामा नै विश्वास गरी झारफूक गर्ने गरिन्छ । धामीहरूले पहिलादेखि नै बिरामीलाई चुडैल, डायन, बोक्सी लागेको भनेर ठीक पार्न झारफूक गर्ने र महिलालाई बोक्सी भनेर समाजमा पहिचान गराउन प्रमुख भूमिका निर्वाह गर्दै आइरहेका छन् । त्यही कुरालाई विश्वास मानेर आफन्तहरूले जो व्यक्तिगतसँग मनमुटाव र रिसइवी हुन्छ त्यसैलाई बोक्सी आरोप लगाउने प्रचलन बढी रहेको देखिन्छ ।

साँस्कृतिक : पितृसत्तात्मक समाजमा पुरातनवादी संस्कृति, अन्धविश्वास, परम्परा र चाल चलनलाई आधार बनाएर महिलालाई बोक्सीको आरोप लगाई गरिने हिंसा हाम्रो समाजमा बढ्दै गइरहेको छ । समाजमा महिलाहरूले कथित बोक्सी नहुनको लागि आफूलाई विभिन्न प्रकारले प्रमाणित गर्नु पर्ने स्थिति छ । जहिले सम्म यस्तो गलत धारणा राख्ने व्यक्तिहरूको व्यवहार र सोचाईमा परिवर्तन आउँदैन तबसम्म यस्ता कुप्रचलनका नाममा महिलाले यातना भोग्नु पर्ने बाध्यता हुन्छ ।

धार्मिक : हिन्दु धर्मले अलौकिक र तान्त्रीक शक्तिलाई व्याख्या गरेको छ र यसप्रति समाजमा सबैको विश्वास पनि रहँदै आएको छ। हिन्दु धर्मको धार्मिक ग्रन्थ अथर्ववेदमा जादु/टुनालाई शत्रुलाई जित्न, नाश गर्न र मित्रलाई वशमा (काबु) पार्न प्रयोग गर्ने अस्त्रको रूपमा व्याख्या गरिएको छ । यसैलाई आधार बनाएर शायद परापूर्वकाल देखि नै समाजमा डर मार्फत कसैमाथि प्रभाव जमाउन बोक्सी प्रचलन सुरु भएको हुनु पर्दछ ।

आर्थिक : हाम्रो समाजमा आर्थिक रूपले कमजोर, विपन्न परिवारका महिला सदस्यहरूलाई प्रायः जसो बोक्सीको आरोप लगाउने गरेको पाइन्छ । समाजको एउटा बलियो वर्ग, जाती र लिङ्गले अर्कोलाई यस्तो गलत आरोप लगाउने वा उसको गलत पहिचान स्थापित गरी उमाथि समाजलाई दुर्व्यवहार गर्न उस्काउनुका साथै समाजबाट बहिस्कार गर्न प्रमूख भूमिका निर्वाह गरिरहेको हुन्छ । समाजमा सिमान्तकृत, दलित, जनजाती लगायतका समूहहरू स्रोत माथिको पहुँच र नियन्त्रण दुवैबाट पाखा लगाइएका कारण उनीहरू समाजमा आर्थिक रूपमा बलियो नहुँदाको फाइदा अर्को समूहले लिइरहेको हुन्छ ।

राजनीतिक : महिलामाथि हुने हिंसा महिला र पुरुषबीच रहेको असमान शक्ति सम्बन्धका कारण आउने प्रतिफल हो । यो वर्गसँग पनि प्रत्यक्ष रूपमा सरोकार राख्दछ । जोसँग शक्ति छ उसले शक्ति विहिनलाई गरिने विभिदपूर्ण व्यवहारको एउटा स्वरूप बोक्सीको आरोप लगाई गरिने हिंसालाई लिन सकिन्छ । जो व्यक्ति वा परिवार राजनीतिक शक्तिको पहुँच भन्दा टाढा छ त्यसलाई बोक्सीको आरोप लगाइएको पाइन्छ । राजनीतिक शक्तिले माथिका सबै पक्षमा प्रभाव पार्न सक्छ र आफ्नो वसमा पनि पार्न सक्छ । एउटा वर्गले अर्को वर्गलाई आरोप लगाउँदा अर्को वर्ग चुपलागेर बस्छ त्यसको विरुद्धमा आवाज उठाउन सक्दैन वा उठाएता पनि न्याय पाउन सक्दैन त्यस कारण महिलामाथि हुने हिंसाको आयाममा राजनीतिक पक्षले महत्वपूर्ण भूमिका निर्वाह गरिरहेको हुन्छ र यस प्रकारका हिंसाको अन्त्यका लागि पनि राजनीतिक प्रतिवद्धताको आवश्यकता पर्दछ । बोक्सीको आरोप पितृसत्तात्मक समाजको उपजका साथै अर्थराजनीत र सामाजिक षड्यन्त्र पनि हो । यो षड्यन्त्रलाई जोगाई राख्न मानिसमा भएको अन्धविश्वासले सर्वोपरि भूमिका खेलेको छ ।

५१ प्रतिशत जनसंख्या रहेको यो देशमा महिलाको अस्तित्वलाई पितृसत्तात्मक सोचमा आधारित मूल्य, मान्यता, संस्कृति, धर्म र कानुनले समाजमा पुरुष समान स्विकार नगरेका कारण नै महिलाहरूमाथि विभिन्न प्रकारका विभेदपूर्ण व्यवहारहरू भइरहेका छन् । यसकै एउटा स्वरुप बोक्सीको आरोप लगाई गरिने हिंसा हो । यस कारण एकातिर बोक्सीको आरोपमा महिलामाथि हुने हिंसा दिन प्रतिदिन बढ्दै गइरहेको छ भने अर्को तिर यसको स्वरुप पनि बदलिदै गइरहेको छ ।

> पार्टिको टिकट पाएर विजयी बनेका कतिपय व्यक्तिहरू नै कथित बोक्सी बकाउने, दण्ड सजाय दिने, कुटपिट र दुर्व्यवहार गर्ने काममा अग्रपंक्तिमा देखिएका छन् । यसले राजनीतिक पार्टिहरूको कार्यकर्ता निर्माण प्रक्रिया र उनीहरूको नैतिक धरातलमाथि प्रश्न उठाउने काम गरेको छ । (स्रोत : 'रुढि र सामाजिक कलंकको प्रतिक बोक्सी प्रथा' प्रदिप ज्ञवाली, गोरखापत्र २०६०/९/१४ गते)

३.१. महिलाविरुद्ध हुने हिंसाको रूपमा बोक्सी प्रचलन

संसारभर नै अलौकिक शक्ति वा तान्त्रिक विद्यामा विश्वास राखिन्छ तर कही यसलाई

सकारात्मक रूपमा लिइन्छ भने कही नकारात्मक रूपमा हेरिन्छ । तान्त्रिक विद्याको एउटा स्वरुपको रूपमा बोक्सी विद्या हुन्छ भन्ने गलत अन्धविश्वास वा धारणाले गर्दा कैयौं देशहरूमा महिला, पुरुषलाई युगौंदेखि निर्मम शारीरिक र मानसिक यातना दिंइदै आएको छ ।

अमेरिका, अफ्रिका तथा दक्षिण एसियाका देशहरूमा बोक्सी सम्बन्धी धारणा सकारात्मक तथा नकारात्मक दुवै किसिमले रहेको पाइन्छ । अष्ट्रेलीयाको आदिवासी संस्कृतिमा पनि बोक्सी प्रचलन पाइन्छ । जापानमा यसलाई सकारात्मक रूपमा मानिन्छ भने चीनमा बोक्सीलाई मोहनी लगाउने कलाको रूपमा लिइन्छ । यूरोपमा १३औं शताब्दिदेखि बोक्सीको प्रचलन सुरु भएको र १६औं देखि १७औं शताब्दिको अन्त्य सम्ममा सबभन्दा बढी झण्डै अनुमानित ९० लाख मानिसहरूलाई बोक्सा/बोक्सीको आरोपमा जिउँदै जलाएर, झुण्डयाएर, महिलाको स्तन र यौनीमा तातो फलामको भाला घोपेर विभिन्न शारीरिक यातना दिनुका साथै मारिएको थियो भन्ने अनुमान रहेको छ । मारिनेमा महिलाहरूको संख्या बढी रहेको थियो ।[७]

अझै पनि अफ्रिकामा सीमान्तकृत र गरीब वृद्धालाई बोक्सीको आरोपमा मारिन्छ । एक तथ्याङ्क अनुसार ताञ्जानीयामा बोक्सीको आरोपमा वर्षेनी ६०० जना मारिने गरेका छन् । सन् २००५ देखि २०११ सम्ममा त्यहाँ राता आँखा भएका ३००० वृद्धाहरू बोक्सीको आरोपमा मारिएका थिए ।[८]

संसारभर नै महिलाविरुद्ध हुने विभिन्न प्रकारका हिंसाहरू मध्ये बोक्सीको आरोप लगाई गरिने हिंसा एउटा हो । समाजमा बोक्सी प्रतिको विश्वास कुनै न कुनै रूपमा बलियो गरी जरा गाडेर बसेको छ । अन्धविश्वास, परम्परावादी र पितृसत्तात्मक सोचको हावी भएकै कारण अहिलेसम्म पनि महिलालाई बोक्सीको आरोप लगाई विभिन्न यातना दिने, हत्या गर्ने कार्य गरिन्छ । विभिन्न धर्म र संस्कृतिले अलौकिक शक्ति वा टुनालाई कुनै न कुनै प्रकारले संरक्षण गरी रहेको छ । बोक्सी सम्बन्धी समाजमा रहेको अन्धविश्वास वा धारणामा जहिलेसम्म परिवर्तन हुँदैन तबसम्म यसलाई आधार बनाएर महिलामाथि गरिने हिंसाले प्रसय पाइरहने छ र महिलामाथि हिंसा भइरहने छ ।

---

७ १. (तारा भट्टराई, अझै पनि बोक्सी) १५ बैशाख २०७० को हिमाल पत्रिका

२. A study report of khar Bhushan Sha, 2007

८ १. (तारा भट्टराई, अझै पनि बोक्सी) १५ बैशाख २०७० को हिमाल पत्रिका

२. A study report of khar Bhushan Sha, 2007

यसैगरी छिमेकी मुलुक भारतमा त झन् बोक्सीमाथिको विश्वास र यसको नाममा महिलामाथि गरिने हिंसाको लेखाजोखा नै छैन । भारतको *National Crime Bureau* का अनुसार वर्षमा १५० देखि २०० जना महिलाहरू बोक्सीको आरोपमा मारिन्छन् जसमा झारखण्डमा मात्रै वार्षिक ५०/६० जना महिलाहरूको ज्यान जाने गरेको छ र विगत १५ वर्षको दौरानमा २५०० महिलाहरूले बोक्सीको आरोपमा ज्यान गुमाई सकेका छन् । भारतको पूर्वीतटका राज्यहरूमा मात्र २००१ देखि २००६ को बीचमा ७०० जना महिला बोक्सीको आरोपमा मारिएका थिए ।

बोक्सीसम्बन्धी अन्धविश्वास नेपाली समाजमा पनि परापूर्व कालदेखि नै विद्यमान रहेको छ । वि.स. १९१० को नेपालको मुलुकी ऐनले बोक्सी प्रचलनलाई कानुनी रूपमा नै मान्यता दिएको थियो । बोक्सी भएको प्रमाणित गर्न धामीले विभिन्न तरिका अपनाउन सक्ने र बोक्सी भएको प्रमाणित गरेमा सर्वस्व हरण गरी गाँउ निकाला गर्ने, जरीवाना गर्ने, पैताला चाट्न लगाउने लगायतको दण्ड जरिवानाको व्यवस्था गर्नुका साथै बिरामीलाई डाम्दा, कपाल खौरदा आरोपित महिलालाई निलडाम लागेमा वा कपाल झरेमा बोक्सी प्रमाणित हुने कुरा समेत स्पष्टसँग लेखेको पाइन्छ ।

नेपाली शब्दकोषमा बोक्सी शब्दको अर्थ टुना गर्ने स्त्री, बोक्सी जान्ने आइमाई, डाइनी र अंग्रेजीमा Witch and Ugly Woman भन्ने भेटिन्छ । बोक्सीलाई जादु, मन्त्र वा अन्य अलौकिक शक्तिको प्रयोग गरी अरूको स्वास्थ्य, काम वा सम्पत्तिमाथि गलत प्रभाव पार्ने, बिगार्ने वा नाश गर्न सक्ने सीप वा क्षमतासँग लगेर जोडिएको पाइन्छ । बोक्सीमा विश्वास गर्ने नेपाली प्रचलन वा परम्परावादी धारणा हरेक पिंढीमा एक पछि अर्कोमा सर्दै/लिंदै वा स्विकार गर्दै गइरहेको पाइन्छ र यस्तो अलौकिक शक्तिमा विश्वास गर्ने वातावरण जबरजस्ती तयार गरिन्छ । सानो बच्चादेखि नै विभिन्न यस्ता कथाहरू सुनाइन्छ र विभिन्न विशेषता भएका यस्ता व्यक्ति बोक्सी हुन्छन् भन्ने कुरा उनीहरूको दिमागमा भरिन्छ । यो बोक्सी छ उसले दिएको खानु हुँदैन, उसको नजिकमा नपर्नु, नजानु वा बिरामी भएमा फलानोको कारण विरामी परेको हो धामीलाई देखाउने वा फुक्न लगाउनु पर्दछ भन्ने गरिन्छ ताकी एउटा सानो बच्चालाई सुरुदेखिको सामाजिकिकरणले नै समाजमा (यस्ता विशेषता भएका महिला) बोक्सी हुन्छ भनेर विश्वास गर्ने वातावरण तयार गर्दै लैजान्छ ।

समाजका धेरै मानिसहरूमा बोक्सी भनेका महिला मात्र हुन्छन् र उनीहरूसँग

नकारात्मक असर पार्न सक्ने शक्ति हुन्छ भन्ने मान्यता वा विश्वास रहेको पाइन्छ । यो कला वा विद्या उनीहरूले आफ्नो आमा, सासु वा अरू जान्ने व्यक्तिबाट सिक्छन् भन्ने धारणा पनि रहेको छ । त्यस कारण आज पनि समाजमा दुइ तिहाई भन्दा बढी मानिसहरू बोक्सी हुन्छ भन्नेमा विश्वास गर्दछन् ।

> मलाई थाह छ पहिलादेखि नै गाँउमा बोक्सी हुन्छ भन्ने कुरा म सानो हुँदा काकीआमाले सुनाउनु भएको थियो र अहिले पनि सबैको यस्तै विश्वास छ बोक्सी भनेको कपाल फिजाएर हिंड्छ । बोक्सी मंगलवार रातीमा बत्ति बालेर पिपलको बोट मुनी गएर नाच्छ रे । बोक्सीले दिएको खाने कुरा खायो भने बिरामी हुन्छ, उनीहरूको आँखा लाग्छ, बोक्सीले रगत चुस्छ, यतिसम्म की उनीहरूले मागेको दिएन भने रिसाएर मान्छेलाई नै खाइदिन्छ रे । घरमा को ही बिरामी छ र उसलाई बोक्सी लागेको छ भने बोक्सी त बिरालो बनेर घर भित्र आउँछ र नाच्छ । बोक्सी विद्या सिक्दा पुरा सिक्न पाएन भने उ बौलाउँछ रे । (दाङ्ग टरिगाउँ गा.वि.स की सीताको भनाई)

भारत र नेपालमा बोक्सीको आरोपका कारण हुने हिंसा उस्ता उस्तै प्रकृतिका पाइन्छन् । नेपालमा बोक्सीको आरोपमा हुने हिंसाको कारणलाई विश्लेषण गर्दा शक्ति, स्रोत, पैतृक सम्पत्ति, जाती र वर्गसँग जोडिन पुगेको पाइन्छ । बोक्सीको आरोप प्रायः गरी एकल महिला, गरिब, सामाजिक रूपमा विपन्न, पिछडिएका वर्ग, जनजाती तथा दलित महिलाहरू नै यस्ता घटनाका शिकार भैरहेका छन् । बोक्सीको आरोप प्रायः धामी/झाँक्री, आफ्नै नातेदार (जेठाजु, नन्द, सासु ससुरा, देवर) आफ्नै परिवारका व्यक्ति र वरिपरिका छिमेकीहरूले लगाउने गरेको पाइएको छ । यो समाजमा कुप्रचलनको रूपमा रहनुका साथै समाजमा प्रतिदिन जटिल र सामाजिक अपराधको रूपमा बढ्दै गइरहेको छ । यसको अन्त्यको लागि व्यक्तिको सोच, धारणा र व्यवहार परिवर्तनका साथै सामाजिक रूपान्तरणको आवश्यकता रहेको छ ।

दिगो शान्ति बिना यस्ता व्यवहारहरूको अन्त्य र देशले राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा गरेका मानव अधिकार सम्बन्धी प्रतिबद्धताहरू व्यवहारमा रूपान्तरित हुन सम्भव छैन । तसर्थ लोकतन्त्र, शान्ति र मानव अधिकारमा आधारित देश निर्माणका लागि महिलाको सम्मानपूर्वक हिंसामुक्त जीवन बाँच्न पाउने अधिकारको संरक्षण गर्नु आजको अपरिहार्यता हो ।

धामी/झाँक्रि को हो ? नेपाली समाजमा परम्परादेखि नै बिरामीलाई निको बनाउन महत्वपूर्ण भूमिका निर्वाह गर्ने स्थानीय वा घरेलु डाक्टर जसलाई समाजमा जान्ने व्यक्तित्वको रूपमा सबैले विश्वास गर्ने गर्दछन् । धामी/झाँक्रिहरूसँग शक्ति हुन्छ जसले जादु जस्तै काम गर्न सक्छन् भन्ने विश्वास छ । हालसम्म यसको पुष्टी कसैले गर्न नसकेता पनि झाँक्रिले भनेका कुरामा सबैले विश्वास गर्दछन् र मान्यता पनि दिने गर्दछन् । हामीले समुदायमा हेर्‍यौ भने धामी/झाँक्रिको रूपमा पहिचान हुने व्यक्तित्वहरूमा पुरुषहरू नै हुने गर्दछन् । समाजमा उनीहरूलाई सम्मान जनक व्यवहार गरिन्छ । यिनै जान्ने व्यक्तित्वहरूको धारणा र व्यवहारबाट नै परम्परादेखि नेपाली समाजमा बोक्सी हुन्छ भन्ने मान्यतालाई टिकाई राख्न सहयोग पुगेको छ । समुदायमा कोही बिरामी भएमा सबै भन्दा पहिला धामीकहाँ जाने चलन छ । बिरामीलाई हेर्दा बोक्सी लागेको भनेर धामी/झाँक्रीले नै अरूलाई विश्वास दिलाउँछन् र समाजमा महिलालाई बोक्सीको रूपमा स्थापित गर्न भरमग्दुर प्रयास गर्दछन् । यही अन्धविश्वासको आधारमा समाजमा महिलामाथि अमानवीय वा जघन्य अपराधका घटना घट्दै आएका छन् ।

३.२. बोक्सीको आरोपमा महिलामाथि हुने हिंसाको स्वरुप र यसका कारक तत्वहरू

सँस्कार, सँस्कृति र परम्पराका आडमा सदियौं देखि नेपाली महिलाहरूमाथि बोक्सीको आरोप लगाई हिंसा गरिदै आएको छ । बोक्सीको आरोप लगाई मलमुत्र खुवाउने, कुटपिट गर्ने, जिउँदै जलाउने, आँखा निकाल्ने र ज्यानै लिने सम्मका व्यवहारहरू भैरहेका छन् । बोक्सीको आरोपमा जुनसुकै उमेर र अवस्थाका महिलाहरू हिंसाको शिकार बनाइएका छन् । हालसम्म बोक्सीको आरोपमा हुने हिंसाको स्वरूपलाई हेर्दा निम्न प्रकारको पाइएको छ ।

- कुटपिट
- गाली, बेइज्जती
- मानसिक यातना
- यौन दुर्व्यवहार
- घर निकाला

- गाँउ निकाला
- हत्या
- हत्याको प्रयास
- ज्यान मार्ने धम्की
- सामाजिक बहिष्करण
- नाङ्गो पारेर गाँउ घुमाउने
- आँखा फुटाइदिने, दाँत भाचिदिने
- दिसापिसाव खुवाउने
- थुक तथा पैतला चाट्न लगाउने
- कपाल मुन्डन गरिदिने
- जरीवाना गर्ने
- तातोपानी शरीरमा खन्याइदिने
- तातो पन्यूले डाम्ने
- सिस्नो पानी लगाउने
- खुर्सानीको धुँवामा सास फेर्न लगाउने
- अब बोक्सी लाग्दैन भनेर कागज गरी माफ माग्न लगाउने लगायतका अन्य दुर्व्यवहारपूर्ण कार्य गर्ने गरेको पाइएको छ ।

किन महिलालाई मात्र बोक्सीको आरोप लगाईन्छ ? के महिला भएकै कारण उनीहरूलाई हरेक प्रकारका हिंसा सहनु पर्ने बाध्यता छ ? महिलाले कहिले संस्कृतिको नामबाट, कहिले धर्मको नामबाट कहिले महिला हुनुकै कारणबाट विभिन्न हिंसाको शिकार हुनु परिरहेको छ । मानसिक यातना र शारीरिक यातना भोग्दै मृत्युवरण गर्नु परेको छ । हाम्रो समाज, संस्कार र व्यवहार सधै शक्तिको वरिपरी घुम्ने परिपाटिले गर्दा समाजमा यस्ता अमानवीय घटनाहरू घटिरहेका छन् । यो अवस्थालाई कहिले सम्म महिलाले सहेर बस्ने ?

बोक्सीको आरोप लगाएर हिंसा गरिएका घटनाहरूलाई केलाउँदै जाँदा के देखिन्छ भने आर्थिक रूपमा कमजोर, एकल, बृद्ध, परिवारबाट अपहेलित र आफ्नो अधिकारकालागि वा शोषण विरुद्ध बोल्ने महिलाहरूलाई बोक्सीको आरोप लगाउन सजिलो माध्यम बनाइएको छ । महिलामाथि आफ्नो प्रभुत्व जमाउन, उसलाई अझ कमजोर र एक्लो बनाउन साथै उसलाई सबै अधिकारबाट बञ्चित गराउन गरिने शोषणको पराकाष्टाको

रूप हो । महिलाको यो अवस्थाको बारेमा सरकार, राजनीतिक पार्टि, अधिकारकर्मी र नागरिक समाजलाई जानकारी नभएको पनि होइन तर किन आजसम्म पनि बोक्सीको आरोपमा महिलाहरू प्रताडित भैरहेका छन् ? यो अह्म सवालका रूपमा हामी भित्र खड्कि रहन्छ ।

हामी सबैलाई थाह छ कोही पनि मानिसमा बोक्सी तन्त्र वा अलौकिक शक्ति हुँदैन भनेर विज्ञानले पुष्टि गरिसकेको छ । यदि कसैमा त्यस्तो अद्भूत बोक्सी विद्या सम्भव हुँदो हो त महिलाहरूले जसलाई चाह्यो उसलाई जसरी चाह्यो त्यसरी नै बिरामी पार्ने वा मार्ने क्षमता राख्थे होलान् किन आफूहरू जीवनभर दुर्व्यवहारका सिकार हुन्थे होला ? किन आफू मारिन्थे होला ? किन समाजमा उपेक्षित भएर बाँच्थे होला ? आफूलाई आरोप लाउने, दुःख दिनेहरूलाई बदला लिएर समाजमा सम्मान र शानदार जीवन बिताउने थिए होला ।

पितृसत्तात्मक समाजको प्रारम्भसँगै महिलाहरूमाथि सुरू भएको विभेदपूर्ण व्यवहार २१औं शताब्दिमा आइपुग्दा समाजमा चरम अवस्थामा पुगेको छ । पितृसत्तात्मक मूल्य मान्यतालाई अंगाल्दै अगाडि बढेको हाम्रो समाजले अहिलेपनि महिलाको समान अस्तित्वलाई स्विकार्न सकिरहेको छैन । त्यसमा पनि समाजले कमजोर बनाएका वा भनेका महिलाहरूले आफूमाथि भएको शोषणका विरुद्ध आवाज उठाउँदा वा आफ्नो अधिकारको लागि लड्दा उनीहरूलाई समाजबाट बहिष्कार गर्न वा कमजोर बनाउन यस्ता आरोपहरू लगाइने गरेको पाइन्छ । महिलाहरूमा पनि प्रायः उच्च घरानिया परिवारका, उच्च ओहदाका जागिरे कर्मचारी, पढेलेखेका वा राजनैतिक शक्तिको नजिक भएका महिलाहरूलाई यो आरोप लागेको देखिदैन जो प्रायः सिमान्तकृत वर्ग, दलित, जनजाती, गरिब, एकल, वृद्ध, बच्चा नभएको र परिवारबाट अपहेलित महिलालाई यो आरोप बढी लाग्ने गरेको पाइएको छ ।

महिलामाथि हुने हिंसालाई जघन्य अपराध र मानव अधिकार हननको दृष्टिकोणबाट कहिल्यै विश्लेषण गरिएन, यो हाम्रो लागी राजनैतिक र आर्थिक मुद्दा पनि बनेन सधैं सामाजिक र साँस्कृतिक कारकको रूपमा मात्र हेर्ने भएका कारण पनि महिलामाथि हिंसा गर्नेलाई प्रसय मिलेको छ । जसरी यो सामाजिक समस्याको रूपमा देखा परेर अहिले हत्या, हिंसामा परिणत हुँदैछ । त्यसैगरी अझै पनि यो राजनैतिक बहसको मुद्दा बन्न सकेको छैन । किनकी राजनैतिक दलको लागि यो बहसको विषय हुन नसक्नुको पछाडि अधिकांश यस्ता घटनामा दलका नेता, कार्यकर्ता, उनीहरूका आफन्तहरूको संलग्नता रहेको हुन्छ र अर्को बढ्दो अपराधिक राजनीतिको संस्कृति पनि यसको मूल कारण बन्न पुगेको छ ।

परिच्छेद ४

परिणाम तथा विश्लेषण

परिच्छेद ४
परिणाम तथा विश्लेषण

४.१. बोक्सीको आरोपमा महिलामाथि हुने हिंसाको वर्तमान परिवेश र यथार्थता

आत्मसम्मानका साथ जीवन जीउन पाउनु प्रत्येक व्यक्तिको नैसर्गिक अधिकार हो । तर नेपाली महिलाहरूले यो अधिकारको उपभोग र अनुभूति गर्न भने अझै पाएका छैनन् । देश राजनीतिक परिवर्तनसँगै सङ्घिय लोकतान्त्रिक गणतन्त्रात्मक संरचनालाई आत्मसाथ गर्न सक्ने अवस्थामा आइपुग्दा पनि महिलाहरूमाथि भने धर्म, संस्कृति र परम्पराको आडमा विभिन्न हिंसा गरिदै आएको छ । समाजमा जरो गाडेर बसेको पितृसत्तात्मक सोच र मान्यताका कारण महिलाहरूलाई विभिन्न बाहानामा अवसरहरूबाट बञ्चित गरिएको छ । महिलाहरूलाई दोस्रो दर्जाको नागरिकको हैसियतमा राखिएको छ । नेपाली महिलाहरू गर्भावस्थादेखि नमर्दासम्मको अवस्थामा फरक फरक स्वरूपका हिंसाहरू खेप्दै जीवनयापन गर्न बाध्य छन् । आफ्नै घरपरिवार, समाज र राज्यबाट नागरिकताको सवालमा, कहिले दाईजो नल्याएको निहुँमा, छोरा नजन्माएको निहुँमा त कहिले बोक्सीको नाममा क्रुर अमानवीय व्यवहारहरू खप्दै बाँच्न बाध्य बनाइएका छन् । समाजमा विद्यमान मूल्य मान्यता र कानुनी हैसियतका कारण महिलाको शरीर र श्रम दुबैमाथि महिलाको अधिकार छैन ।

ओरेक नेपालको तथ्याङ्क अनुसार जुलाई २०११ देखि २०१२ जुनसम्म ७६ जना महिलामाथि बोक्सीको आरोपमा दुर्व्यवहार भएको छ भने जुलाई २०१२ देखी २०१३ सम्ममा ८० जना महिलाहरूमाथि बोक्सीको आरोपमा मानव सभ्यतामा नै प्रश्न उठ्ने गरी बिभत्स प्रकारका हिंसाहरू भएका छन् । महिलाहरूलाई बोक्सीको आरोप लगाई मलमूत्र खान बाध्य बनाइएको छ, जिउँदै जलाइएको छ, आँखा निकालिएको छ, तातो पन्यूले डामिएको छ, कालोमोसो दलिएको छ, हत्या गरिएको छ, समाज र घरबाट निकाला गरिएको छ, मानसिक र शारीरिक रूपमा आघात पारिएको छ । समग्रमा भन्दा कल्पना पनि गर्न नसकिने यी घटनाका शिकार भएका कमै महिलाले मात्र न्याय पाउन सफल भएका छन् ।

४.२ बोक्सीको आरोपमा महिलामाथि गरिएका हिंसाका प्रकारहरू

- **ओरेकको तथ्याङ्क शाखामा अभिलेखित घटना विवरण** (ओरेकमा रिपोर्टिङ्ग भएका तथा पत्रपत्रिकामा प्रकाशित घटनाहरू)



चित्र नं १ : बोक्सीको आरोपमा महिलामाथि भएका हिंसाका प्रकारहरू

माथिका घटनालाई विश्लेषण गर्दा २०११ जुलाईदेखि २०१२ जुनसम्म घटेका ७६ वटा घटनामा सबभन्दा बढी ४३ वटा कुटपिट, १४ मानसिक यातना, ८ वटा गाली बेइज्जती, २ वटा घर निकाला, ३ वटा हत्या, १ हत्याको प्रयास, धम्की २ वटा र मलमूत्र खुवाउने, कालोमोसो दल्ने लगायतका अमानवीय कार्य ३ वटा रहेका छन् ।

भने २०१२ जुलाईदेखि २०१३ जुनसम्म रिपोर्टिङ्ग भएका ८० घटनामा सबभन्दा बढी ४४ वटा कुटपिट, २४ मानसिक यातना, १ गाली बेइज्जती, ३ घर निकाला, २ गाँउ निकाला, १ विस्थापित, अङ्गभङ्ग १, लगायतका अमानवीय कार्य ४ वटा रहेका छन् ।

बोक्सीको आरोप लगाई महिलालाई गर्ने हिंसाको स्वरुपहरूलाई हेर्दा सबभन्दा बढी कुटपिट हुने गरेको पाइएको छ । कुटपिट गर्नेमा आफ्नै परिवारका सदस्य, नातेदार

र छिमेकीहरू रहेका छन् । पितृसत्ताले हावी भएको वर्तमान नेपाली सामाजिक संरचनामा महिलाहरू आफ्नै घर परिवार र समुदायमा सुरक्षित छैनन् । अन्धविश्वास र कुरीतिलाई बढावा दिदैं महिलालाई विभेदपूर्ण व्यवहार गर्ने हाम्रो समाजले महिलाको अस्तित्वलाई नै स्विकार्न नसकेका कारण उब्जीएको परिणामले हिंसाको स्वरुप लिन पुगेको छ । महिलालाई समाजमा अझ बढी एक्लो बनाउन र उनको आत्मविश्वास कमजोर बनाई समाजमा आफ्नो प्रभुत्व कायम राख्नका लागि शक्ति सम्पन्न व्यक्ति, जाती र वर्गले अर्को जाती, वर्ग र व्यक्तिलाई बोक्सीको आरोप लगाई हिंसा गर्ने कार्य भइरहेको छ ।

अन्य संस्थामा रिपोर्टिङ्ग भएका घटनाहरू :

क्र.स	संस्था	रिपोर्टिङ्ग घटना संख्या र आर्थिक वर्ष		
		२०६७/०६८	२०६८/०६९	२०६९/०७० भदौ सम्म
१.	नेपाल प्रहरी, प्रहरी प्रधान कार्यालय	२०	१८	११
२.	राष्ट्रिय महिला आयोग	४९	३३	६

४.३ हिंसा प्रभावित महिलाहरूको उमेर

बोक्सीको आरोप लगाई पीडित बनाइएका महिलाहरूको उमेरलाई विश्लेषण गर्दा २०११ जुलाईदेखि २०१२ जुनसम्ममा २६ देखि ३५ वर्षका महिला १८ जना, १६



चित्र नं २ : उमेर अनुसार हिंसाको परिणाम

देखि २५ वर्ष उमेर समूहका १७ जना, ३६ देखि ४५ वर्षका १७ जना, ४६ देखि ५५ वर्षका १५ जना र यो भन्दा माथिका ९ जना महिलालाई बोक्सीको आरोप लगाई हिंसा गरिएको छ ।

भने २०१२ जुलाईदेखि २०१३ सम्म रिपोर्टिङ्ग भएका घटनालाई हेर्दा उमेरको हिसाबले ४५ देखि ५५ वर्ष उमेर समूहका १९, ३६ देखि ४५ वर्षका ११ जना र २६ देखि ३५ वर्षका ९ जना महिलालाई बोक्सीको आरोप लगाई हिंसा गरिएको देखिएको छ । यसबाट के देखिन्छ भने १६ वर्ष देखि ५५ वर्षसम्मका महिलाहरूलाई बोक्सीको आरोप लगाई मानसिक र शारीरिक रूपमा हिंसा गर्ने गरिएको छ ।

महिलाहरूलाई गर्भावस्थादेखी नमरुन्जेलसम्मको उमेरमा नै कुनै न कुनै किसिमको हिंसा खेप्नुपर्ने बाध्यता छ । उमेर अनुसार विश्लेषण गरेर हेर्दा १६ वर्ष देखि ६० वर्ष भन्दामाथिसम्मका महिलाहरूलाई बोक्सीको आरोप लगाई शारीरिक र मानसिक यातना दिने गरेको पाइएको छ। ३६ वर्ष देखि ४५ वर्ष उमेर समूहका महिलाहरूलाई विशेष गरी बढी आरोप लगाउने गरिएको पाइएको छ। जुन उमेर समूहका महिलाहरू सामाजिक, राजनैतिक रूपमा नेतृत्व गर्ने समाजमा सक्रिय रहने र हिंसा विरुद्ध आवाज उठाउने भएका कारण उनीहरूलाई समाजमा निस्क्रिय बनाउन शायद यो आरोप बढी लगाइन्छ । अर्को ४६ देखि माथिको उमेर समूहका महिलाहरू जो प्रायः घरपरिवारमा एक्लै हुने, आर्थिक रूपमा पनि कमजोर हुने र राजनीतिक र सामाजिक रूपमा पनि प्राय शक्तिविहिन हुने भएका कारण शायद यो आरोप बढी लगाई हिंसा गर्न सहज छ । तर माथिको तथ्याङ्कलाई हेर्दा कुनै पनि उमेर समूहका महिलाहरूले स्वतन्त्र र हिंसामुक्त जीवन बाँच्न पाएका भने छैनन् । कुनै पनि महिलालाई कुनै पनि समयमा यो आरोप लाग्न सक्छ र अमानवीय व्यवहार भोग्नु पर्ने हुन सक्छ । कोही महिला वा किशोरीहरू पनि सुरक्षित छैनन् ।

४.४ हिंसा प्रभावित महिलाको जातीगत विवरण

२०११ जुलाईदेखि २०१२ जुनसम्म गत वर्षमा रिपोर्टिङ्ग भएका घटनालाई हेर्दा बोक्सीको आरोप लगाई महिलालाई गरिने हिंसाका घटना सबभन्दा बढी तराई जनजातीमा १८, तराई गैर दलित १६, पहाडे जनजाती र तराई दलित क्रमशः १०/१० देखिएको छ भने मुस्लीम ७, बाहुन ६, क्षेत्री, पहाडे दलित र आदीवासीमा ३/३ वटा घटना घटेको रिपोर्टिङ्ग भएको पाइएको छ । [९]

९ • तराई जनजाती : थारु, राजवंशी, ताजपुरीया, गंगाई, सिंह, धानुक, धिमाल, सन्थाल, मुन्डा, सतार, फाँगड, दनुवार, किसान, कोचे ।

यसैगरी २०१२ जुलाईदेखि २०१३ जुनसम्ममा रिपोर्टिङ्ग घटनामा पनि सबैभन्दा बढी २३ जना तराई जनजाती महिलालाई नै बोक्सीको आरोपमा हिंसा गरिएको छ। १२ जना तराई गैर दलित, ११ जना पहाडे जनजाती, पहाडे दलित, बाहुन र अन्यमा क्रमशः ७/७ जना रहेका छन् भने ६ जना क्षेत्री, ४ जना तराई दलित, मुस्लीम २ र आदीवासी १ महिलालाई आरोप लगाई हिंसा गरेको रिपोर्टिङ्ग भएको देखिएको छ।



चित्र नं ३ : महिलाहरूको जातीय विवरण र हिंसाको परिणाम

यो तथ्याङ्कको आधारमा तराई जनजाती र तराई गैर दलित महिलालाई बढी आरोप लगाई हिंसा गरिएका घटना बढी रिपोर्टिङ्ग भएका छन् भने दोस्रोमा हेऱ्यो भने तराई गैर दलित महिलालाई यो आरोप लागेको छ। शायद तराईमा कोही बिरामी हुँदा बढी धामी/झाँक्री, गुरुवालाई देखाउने र उनीहरूले भनेको कुरामा विश्वास गर्ने प्रचलन बढी भएका कारणले पनि बोक्सीको आरोप बढी लाग्ने र महिलामाथि हिंसा हुने गरेको हुनु पर्दछ। अर्को पाटोबाट विश्लेषण गर्दा अन्य महिलाहरूको भन्दा यी महिलाहरूको स्रोत र शक्तिमा पहुँच र नियन्त्रण नभएका कारण समाजमा उनीहरूको अवस्था अन्य महिलाको भन्दा कमजोर हुन्छ त्यसैले पनि उनीहरूलाई यो आरोप लगाई हिंसा गर्न

- पहाडे जनजाती : गुरुङ्ग, मगर, राई, लिम्बु, किराँत, थामी, छनत्याल, तामाङ्ग, शेर्पा, लामा भोटे, नेवार, जिरेल, थकाली, राउटे, चेपाङ्ग, कुसुन्डा।
- तराई गैर दलित : यादव, तेली, गुप्ता, कामत, मलाहा, महतो, साह, ठाकुर, राजभर, माली, कुर्मी, हलवाई, केवत, नुनीया, काँहर, धेडियार, धनीया, लोधा, हजाम।
- तराई दलितः चमार, हरिजन, राम, मुसहर, दुसाध, पासवान, पासी, तत्मा, खत्वे, धोवी, सरदार, चिमिदार, डोम, हल्खोर, कुसवादीया, कलर, खातीक, कोइरी।
- पहाडे दलित : दमाई, कामी, सार्की, ढोली, गाइने, वादी।

सहज हुन्छ । तथ्याङ्कमा आदिवासी र बाहुन क्षेत्री महिलालाई अन्यको तुलनामा कम आरोप लाग्ने गरेको देखिएको छ । शायद उनीहरू अरू महिला भन्दा सामाजिक, राजनीतिक र आर्थिक रूपमा अगाडि छन् ।

४.५ बोक्सीको आरोप लगाई महिलामाथि गरिएका हिंसाका घटनाहरूको क्षेत्रगत विवरण



चित्र नं ४ : हिंसाका घटनाहरूको क्षेत्रगत विवरण

२०११ जुलाईदेखि ०१२ जुनसम्ममा विकास क्षेत्रको हिसाबले हेर्दा ४३ वटा घटना पूर्वाञ्चलमा रिपोर्टिङ्ग भएका छन्, २३ वटा घटना मध्यमाञ्चलमा, पश्चिममा ४, मध्यपश्चिममा ४ र सुदुर पश्चिममा २ वटा घटना घटेको रिर्पोटिङ्ग भएका छन् । भने २०१२ जुलाईदेखि ०१३ जुनसम्ममा विकासक्षेत्रको हिसाबले सबभन्दा बढी पूर्वाञ्चलमा ३३ वटा घटना रिपोर्टिङ्ग भएका छन्, मध्यमाञ्चलमा २५, पश्चिममा ११, मध्यपश्चिममा ८ र सुदुर पश्चिममा ३ वटा घटना घटेको रिर्पोटिङ्ग भएको छ ।

प्राप्त तथ्याङ्कलाई विश्लेषण गर्दा के देखिन्छ भन्छ भने पूर्वमा सबैभन्दा धेरै रिपोर्टिङ्ग भएको छ र सुदुर पश्चिमाञ्चलमा सबैभन्दा कम रिपोर्टिङ्ग भएको छ । तर यसको अर्थ त्यहाँ घटना नै कम घटेको भन्ने पक्कै हैन । जहाँ सूचना पुगेको छ, महिलाहरू सशक्त भएका छन् र हिंसा पीडित महिलाहरूको लागि सहयोगी संयन्त्रको विकास भएको छ, महिला समूह र नेटवर्कहरू बलियो छ, मानव अधिकारको क्षेत्रमा कार्यरत सङ्घ संस्थाको उपस्थिति छ त्यहाँ रिपोर्टिङ्ग पनि बढी भएको छ । जहाँ भौगोलिक

विकटता, सूचनामा पहुँचको कमी, सेवा प्रदायक र मानव अधिकारको क्षेत्रमा कार्यरत संस्थाहरूको कम उपस्थिति र सहयोगी संयन्त्रको कमी भएकै कारण शायद मध्य पश्चिमाञ्चल र सुदुर पश्चिमाञ्चलमा रिपोर्टिङ्ग कम भएको हुनु पर्दछ ।

शिक्षा, सञ्चार, आमसचेतीकरण र सहयोगी संयन्त्रले कुनै पनि महिलालाई आफूमाथि भएको हिंसाको विरुद्धमा आवाज उठाई न्याय प्राप्त गर्न महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ भन्नेकुरा माथिको तथ्याङ्कले पुष्टि गर्दछ ।

४.६ बोक्सीको आरोप लगाउने वा पहिचान गराउने व्यक्ति/समूह



चित्र नं ५ : बोक्सीको आरोप लगाउने वा पहिचान गराउने व्यक्ति/समूह

हाम्रो समुदायमा धेरै महिलाहरूलाई बोक्सीको रूपमा पहिचान गराउने कार्य धामी, झाँक्री, गुरुवा जान्ने व्यक्तिद्धारा गरिन्छ । माथि उल्लेखित घटनाहरूलाई विश्लेषण गर्दा पनि ५६ प्रतिशत् घटनामा धामी/झाँक्रीले आरोप लगाएको वा पहिचान गराएको पाइएको छ भने दोस्रोमा २४ प्रतिशत् घटनामा छिमेकीहरूले आरोप लगाएको पाइएको छ। यसै गरी तेस्रोमा २० प्रतिशत् घटनामा परिवारका सदस्य तथा नातेदारहरूले पहिला आरोप लगाएको देखिएको छ । यसरी अन्धविश्वासको भरमा महिलालाई बोक्सीदोष लगाउने वा बोक्सी भनी पहिचान गराउनाले उनीहरूलाई निर्मम शारीरिक तथा मानसिक यातना दिने गरिन्छ जुन कार्य अपराध हो ।

यी अभिलेखित घटनामा विभिन्न व्यक्तिले महिलालाई बोक्सीको आरोप लगाई सके पश्चात यातना दिने कार्यमा ८० प्रतिशत् भन्दा बढी घटनामा छिमेकीहरूको

संलग्नता देखिन्छ भने २० प्रतिशत् घटनामा परिवारका सदस्यहरूको संलग्नता रहेको देखिएको छ ।

४.७ न्यायिक अवस्था

रिपोर्टिङ्ग तथा अभिलेखन गरिएका घटनाका अनुसार ६० प्रतिशत भन्दा बढी घटनाहरू गाँउमा नै मिलाइएको छ । २० प्रतिशत् घटनाहरू प्रहरीकोमा रिपोर्टिङ्ग भएका छन् तर छलफल पश्चात माफ माग्ने र केही जरिवाना गरे पश्चात मेलमिलाप गराइएका छन् भने अन्य २० प्रतिशत् घटना अदालती प्रक्रियामा अगाडि बढेता पनि १० प्रतिशत् घटनामा पनि पीडित महिलाले न्याय पाएको देखिदैन ।

४.८ कारणहरू

सबै घटनाहरूलाई विश्लेषण गर्दा कमजोर पक्षलाई अझ बढी कमजोर बनाएर समाजमा बहिष्करण र विस्थापित गर्न खोजिएको छ । धेरै घटनामा सम्पत्ति, जग्गाको स्वामित्वका कारण उत्पन्न भएको झगडामा महिलालाई बोक्सीको आरोप लगाइएको देखिन्छ । कति घटनामा व्यक्तिगत र पारिवारिक रीसइवी, संयोगवस घटेका कुनै घटना वा त्यसको परिणाम र कथित बोक्सीको आरोप लागेका पारिवारिक पृष्ठभूमि भएका महिलालाई आधार बनाएर आरोप लगाइने गरिएको पाइएको छ । कति घटनामा कुनै महिलाको व्यवहारप्रति असन्तुष्ट समूह वा व्यक्तिले त्यसैलाई आधार बनाएर समाजमा महिलाहरूलाई बोक्सी आरोप लगाउने गरेको पाइएको छ ।

उमेरको आधारमा २५ वर्षदेखि ५५ बर्षसम्मका महिलाहरूलाई सबभन्दा बढी आरोप लाग्ने गरेको छ र पछिल्लो समयमा घटेका घटनामा २५ वर्षभन्दा मुनिका किशोर/युवा महिलाहरूलाई पनि यो आरोप लगाइएको छ । यसले के देखाउँछ भने काम गर्न सक्ने उमेर समूहका, समाजमा राजनीतिक र सामाजिक रूपमा नेतृत्व लिन सक्ने आफ्नो अधिकारको लागि आवाज उठाउने र शोषण विरुद्ध लड्ने महिलाहरू नै बढी बोक्सीको आरोपको शिकार बन्नु परिरहेको छ ।

यी त केवल प्रतिनिधिमूलक घटनाहरू मात्रै हुन् । धेरै घटनाहरू त समाजमा नै दबाइएका छन् । बाहिर आएका छैनन् । यो यथार्थता हो । आफ्नो पीडा भन्न सक्ने सहज वातावरण नभएकै कारण यस्ता धेरै घटनाहरू अझै समाजमा दबिएर रहेका छन् । कतिपय यस्ता जघन्य अपराधका घटनाहरू कानुनी प्रक्रियामा नलगेर

गाउँघरमा नै मिलाउनु पर्छ भन्ने मान्यताले गाउँमा नै थामथुम पारिन्छन् । केही पीडित महिलाहरूले साहस गरी आफ्नो समस्या सबैको सामु ल्याएको अवस्थामा पनि उनीहरूले सामाजिक र कानुनी न्याय पाउन नसक्दा अरूलाई पनि हतोत्साही बनाएको छ । कानुनी प्रक्रियामा अघि बढेका महिलाहरूले पनि न्याय पाउन सकेका छैनन् । न्याय पाउने आशमा बर्षौं अदालतको ढोका घचघच्याउनु पर्ने स्थिति छ । हाम्रो सामाजिक संरचना र परम्परावादी सोचका कारण पीडित महिलालाई नै दोषी बनाइन्छ र पिडकले छुट पाइरहेको स्थिति छ । देशमा बढ्दै गएको राजनीतिक अपराधीकरण र मौलाउँदै गएको दण्डहीनताको संस्कृतिले अपराधीको संरक्षणका लागि काम गरिरहेको छ । अपराध समाजमा घट्ने तर अपराधीले दण्ड सजाय नपाउने स्थितिले पीडितहरू अपमान र पीडाबोधका साथ बाँच्नु पर्ने वा उक्त समाजबाट विस्थापित हुने स्थिति छ । यस्तो स्थितिमा पीडितलाई सहयोग गर्ने अधिकार रक्षकहरू समेत जोखिममा छन् र कतिपय गाँउबाट यसै कारण विस्थापित पनि हुनुपरेको छ । नीति निर्माणकर्ताहरू, देशका राजनितीक दलहरू, सरकारको प्रतिनिधित्व गरिरहेका सरकारी संयन्त्रहरूलाई यो सवालमा संवेदनशील र महिलाका यी पीडाहरू बोध हुन नसकेकै कारण यस्ता जघन्य अपराधहरूले प्रश्रय पाइरहेका छन् ।

४.९. बोक्सीको आरोप पश्चात महिलाहरूले भोग्नु परेको समस्या

४.९.१. बोक्सीको आरोप लगाई गरिएको हिंसाबाट महिलामा परेको असर

व्यक्तिगत असर : महिलाविरुद्ध गरिने यस्ता प्रकारका हिंसाले महिलाको मानव अधिकारको व्यापक उल्लङ्घन भइरहेको छ। यस्ता दुर्व्यवहार तथा हिंसाले उनीहरूको आत्मविश्वासमा ठेस पुग्छ। आत्मबल कमजोर हुँदै जान्छ, आत्मसम्मानमा चोट पुग्छ, व्यक्तित्व विकासमा नकारात्मक असर पर्नुका साथै मानसिक समस्याले उनीहरू भित्र द्वन्द्वको सुरूवात गरिदिन्छ र व्यक्ति आफै पनि आत्महत्या गर्ने अवस्थासम्ममा पुग्न पनि सक्छ । शारीरिक रूपमा अङ्गभङ्ग हुन सक्छ, हत्या हुन सक्छ, उनीहरूमा उदास हुने, निद्रा नलाग्ने, डरलाग्दा सपना देख्ने, मानिस देख्दै डराउने, रूने कराउने जस्ता समस्याहरू भएर स्वास्थ्यमा पनि नकारात्मक असर पर्न जान्छ ।

पारीवारिक असर : बोक्सीको आरोपमा हिंसा भएका महिलाका परिवारका सदस्यहरू छोरा, छोरी, श्रीमान् लगायत अन्य सदस्यहरूमाथि पनि कुटपिट, दुर्व्यवहार हुनुका साथै मानसिक यातना भोग्न बाध्य हुन पर्ने हुन्छ । ज्यान मार्ने धम्की दिनुका साथै

सामाजिक बहिष्करणमा पर्ने, समाज र गाँउबाट नै निकाला हुनुपर्ने हुन्छ ।

सामाजिक असर : सामाजिक बेइज्जतीका कारण गाउँघरमा समेत बस्न नसक्ने, समाजबाट बहिष्कृत हुने, ज्याला मजदुरी गर्नबाट समेत बन्चित हुने, बिहेवारीमा प्रश्न उठाउने, छर छिमेक साथीभाईबाट सहयोग नपाउने, सामाजिक कार्यमा संलग्न नगराउने, समाजबाट एक्लिनुपर्ने अवस्थाहरू झेल्न उनीहरू बाध्य हुन्छन् । सामाजिक अन्धविश्वास कुरीति कुप्रथाका कारण महिलाहरूको आफूले गल्ती नगर्दा पनि समाजले आफूले गल्ती गरेको दोषारोपण गर्ने गरेका कारण बेकसुर महिलाहरूको सामाजिक प्रतिष्ठामा आँच आउनुका साथै विस्थापित हुनपर्ने बाध्यता हुन जान्छ । बोक्सी प्रचलनलाई कुसंस्कार, अन्धविश्वासका आडमा समाजले अप्रत्यक्ष रूपमा स्विकार्नु नै सबभन्दा ठूलो समस्याको रूपमा रहेको छ ।

४.९.२ बोक्सीको आरोप लगाई महिलामाथि गरिएको हिंसाको यथार्थता

- सप्तरी जिल्लाको हरिपुर १ की ६६ वर्षिया एक चौधरी महिलालाई त्यसै ठाँउका महेन्द्र साहकी श्रीमती उमालाई बोक्सी लागेको भनेर परिवारले निर्घात कुटपिट गरी शरीरमा आगो लगाउने सम्मको क्रुर अमानवीय कार्य गरेका थिए र उनको घरमा पनि आगो लगाइदिने धम्की दिएका थिए ।

- पर्सा जिल्लाको मोडली गा.वि.स की ४५ वर्षीया एक महिलालाई स्थानीय हरेन्द्र यादवकी बुहारीले आफ्नी सासुलाई टुनामुना गरेको आरोप लगाएपछि गाँउलेले उनका पति सहित १२ घण्टा भित्रमा गाँउ छोड्न उर्दि जारी गरेका थिए । उनीहरूले आरोपित महिलाकी गर्भवती छोरीलाई पनि लछारपछार गरी कुटपिट गरेका थिए । गाँउमा ठूलावडा भद्र भलाद्मी पूर्व गा.वि.स अध्यक्ष र वडा अध्यक्षहरूको सक्रिय भूमिकामा उक्त निर्णय गरिएको थियो ।

- चितवन माडी बघौडा २ की ३८ वर्षिया ढेगनीदेवी महतोलाई काका ससुरा पर्ने विक्रम महतोले ज्वाई बिरामी बनाई दिएको आरोप लगाउँदै आइरहेको थियो र झाँक्री बकाउने शिलशिलामा तान्त्रिक विद्याको

पारंगत ठान्ने जुगेश्वर महतोले ढेगनी देविलाई बोक्सी ठहर गरेपछि आफन्तहरूले नै निर्घात कुटपिट गरी परालले छोपेर आगो लगाई जलाएर मारेका थिए ।

- कैलाली जिल्ला वेलादेवीपुरकी ६० वर्षीया राजकुमारी राना आफ्नो घरमा सुतिरहेको समयमा बिहान ४ बजे उनलाई जवरजस्ती उठाएर बाहिर ल्याएर कपडा, गहना फुकालेर नाङ्गो बनाएर सामान सबै जलाई दिनुका साथै कपाल खौरेर मुडुल्याइदिएका थिए । निर्घात कुटपिट गरी दाँत भाँची दिएका थिए यतिले मात्र नपुगेर दिशा मुखमा कोचिदिनुका साथै पानीमा घोलेर टाउकोबाट खन्याइदिएका थिए । उनको नाङ्गो शरीर समाजको अगाडि देखाउँदै यौनीमा लट्ठिले घोचेर निर्मम यातना दिएका थिए ।

- सिन्धुली रानीचुरी ४ की सेतीमाया स्याङतानकी १० वर्षिया नातीनी बिरामी भएर कपाल झर्न थालेपछि धामी जनक बहादुर थीङलाई बोलाएर आसन राख्दा छिमेकी एकै घरका देउरानी जेठानी दुवैको नाम लिए पछि धामीको आदेसमा उनीहरूलाई कोठामा थुनेर स्थानिय बासीहरूले सिस्नो लगाएर मलमुत्र खुवाएका थिए ।

- महोत्तरीको सिमरदहीमा बोक्सी बकाउने काण्डमा भारतबाट तान्त्रिक झिकाएर मरनी देवि लगायत गाँउ भरीका महिलाहरूलाई बोक्सी जाँच्ने नाममा पङ्क्तिबद्ध भएर उभिन लगाई प्रसाद खुवाउने काम गरिएको थियो र महिलाहरूमाथि दुर्व्यवहार गर्दै मानव मलमूत्र खुवाएर मरणासन्न हुनेगरी कुटपिट गरिएको थियो ।

- धनुषा जिल्लाको गोदार गा.वि.स की ६० वर्षीय कुस्मा खातुनको घरबाट उनकै छिमेकी अन्दाजी ६० बर्षिय रजतनी खातुनले खमरुवाको तरकारी लगेर खाएको र उनी भोली पल्ट मरेको भएका कारण स्थानीयहरूले कुस्मालाई बोक्सीको आरोप लगाई उनले मानव मलमुत्र खुवाई, कपाल काटी, मुखमा कालो मोसो दलेर गाँउ निकाला गरी बस चढाएर पठाएका थिए ।

४.९.३ कानुनमा देखिएका समस्याहरू

- बोक्सीको आरोपमा हुने घटनासम्बन्धी छुट्टै र ठोस कानुनी व्यवस्थाको अभाव हुनु ।
- बोक्सीको आरोप सम्बन्धमा भएका विद्यमान कानुनको समेत कानुन कार्यान्वयन गर्ने निकायले कानुनको उचित प्रयोग र कार्यान्यन नगर्नु ।
- मुलुकी ऐन अदलको महलको १० ख नं मा यस्तो घटना घटाउने पीडकलाई ३ महिनादेखि २ वर्षसम्म कैद वा पाँच हजारदेखि पच्चिस हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ भन्ने कानुनी व्यवस्थाले पीडकलाई कैदमा नै बस्नुपर्ने अनिवार्यता नगरि जरीवाना मात्र गरी छुट दिन सक्ने व्यवस्था हुनु ।
- उक्त अपराधमा संलग्न हुने व्यक्तिहरूलाई पुर्पक्षको निमित्त थुनामा राख्न समेत सकिने किसिमको कानुनी व्यवस्थाको अभाव हुनु ।
- उक्त अपराधको गम्भीरताको आधारमा कैद तथा दण्ड जरिवाना कानुनमा कम राखिनुले अपराधकर्तामा झन् मनोबल बढेको पाइनु ।
- गाउँ, समाज, छिमेकबाट समेत पीडितको हक हितमा पीडकहरूलाई कानुनी कारवाही गर्न उद्दत हुनुको सट्टा उल्टो पीडितको मनोबल गिराउने जस्ता व्यवहार गरिनु ।
- स्पष्ट नीति र कार्यक्रमको अभाव।

- **सर्वोच्च अदालतले मिति २०६१ साउन २६ गते महिला वर्गमाथि बोक्सीको आरोप लगाई हुने गरेको अन्याय, अत्याचार, उत्पीडन, यातना दिने कार्य रोकथाम, नियन्त्रण एवम् सजाय गर्ने प्रभावकारी ऐनको अभाव रहेकाले ऐनको तर्जुमा गर्न तथा चेतना अभिवृद्धि गर्नको लागि नेपाल सरकारलाई निर्देशनात्मक आदेश जारी गरिसकेको छ ।**
- **महिलाविरुद्धका हिंसा नियन्त्रण गर्न विद्यमान नीति, कानुन तथा प्रणालीमा सुधारको लागि अध्ययन गर्न २०६९ मा गठन भएको अनुगमन समितिले बोक्सी सम्बन्धी (कसुर र सजाय) अध्यादेश, २०६९ तत्काल जारी गर्नु पर्ने र बोक्सीको नाममा यातना दिने तथा दुर्व्यवहार गरी हत्या गर्ने जस्ता घटनाको तत्काल गहन रूपमा अनुसन्धान गरी पीडितलाई न्याय तथा पीडकलाई सजाय दिलाउनेमा पहल गर्नुपर्ने सुझाव दिएको छ ।**

परिच्छेद ५

महिलाविरूद्ध हुने हिंसासँग सम्बद्ध राष्ट्रिय/ अन्तर्राष्ट्रिय कानुनी संयन्त्रहरू

परिच्छेद ५

महिलाविरूद्ध हुने हिंसासँग सम्बद्ध राष्ट्रिय/ अन्तर्राष्ट्रिय कानुनी संयन्त्रहरू

५.१. महिलाविरुद्ध हुने हिंसासँग सम्बद्ध अन्तर्राष्ट्रिय कानुनी संयन्त्रहरू

- **मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८**

मानव अधिकारको विश्वव्यापी घोषणापत्रमा महिला भएकै कारण कसैले पनि उनको स्वतन्त्रतालाई खलबलाउने वा कुनै पनि किसिमको भेदभावपूर्ण व्यवहार गर्न पाउने छैन । साथै महिला भएकै कारण कुटपिट वा आरोप प्रत्यारोप लगाई मानसिक, शारीरिक वा अन्य कुनै पनि किसिमको यातना दिन पाइने छैन यदि कसैले यस्तो व्यवहार गरेमा यो दण्डनीय हुनेछ भन्ने कुरालाई उल्लेख गरेको छ । [१०]

साथै लिङ्गका आधारमा भेदभाव नगरी सबैका निमित्त मानव अधिकार र मौलिक स्वतन्त्रताका लागि विश्वव्यापी सम्मान र तिनको पालना गर्ने कुरा पनि स्पष्ट उल्लेख गरिएको छ । यसरी मानव अधिकारको विश्वाव्यपी घोषणापत्रलाई अवलम्बन गरी त्यहाँ उल्लेख भएका मानव अधिकारका मापदण्डहरूलाई लागू गर्ने प्रतिवद्धता गरेता पनि नेपाल सरकारले अझै पनि व्यावहारिक रूपमा पूर्ण कार्यान्वयन भने गरेको पाइँदैन ।

- **नागरिक तथा राजनैतिक अधिकार अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ मा उल्लेख भएका अधिकार क्षेत्रहरू**

नागरिक तथा राजनैतिक अधिकारले स्वतन्त्रताको प्रत्याभूति विना समानताको कुनै अर्थ रहँदैन भन्ने मान्यता राखी प्रत्येक पक्ष राष्ट्रले जनताको भेदभाव, यातना वा कुनै पनि प्रकारको दुर्व्यवहार विना बाँच्न पाउने अधिकारको प्रत्याभूति गरेको छ । प्रत्येक व्यक्तिलाई जीवनको अन्तरनिहित अधिकार छ । कानुनद्वारा यो अधिकारको

---

१० • मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा नं १, १, २, ३ , ५,८ र १२
• संयुक्त राष्ट्र संघको बडापत्र १९४५ को धारा ५५ को ३

संरक्षण गरिने छ, स्वेच्छाचारी रूपले कसैको पनि जीवन हरण गरिने छैन भन्ने उल्लेख गरेको छ । कसैलाई पनि यातना दिइने वा क्रुर, अमानवीय, अपमानजनक व्यवहार वा सजाय गरिने छैन, सबैले आत्मसम्मानका साथ जीवन बिताउन पाउने छन् भन्ने कुरालाई स्पष्ट उल्लेख भएको भए तापनि यस्ता कार्यहरूले निरन्तरता पाइरहेका छन् । [११]

- **महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि (सिडो), १९७९**

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन सम्बन्धी महासन्धि, १९७९ को मुख्य उद्देश्य भनेको महिलाको मानव अधिकार संरक्षण र संवर्द्धन गर्नु हो । महिला विरुद्ध हुने सबै प्रकारका भेदभावको अन्त्य गर्ने उद्देश्य राखेको यो महासन्धि महिलाको स्वतन्त्रता, समानता र अखण्डताको प्रत्याभूति दिने दस्तावेज हो । त्यसैले यो महासन्धिलाई महिलाहरूको अन्तर्राष्ट्रिय अधिकारपत्र (International Bill of Rights of Women) पनि भनिन्छ । यस महासन्धिले महिलाविरुद्ध सामाजिक जीवनमा हुने भेदभाव अन्त्य गर्ने व्यवस्था गरेको छ ।[१२]

- **महिलाविरुद्धको हिंसा उन्मूलन गर्ने सम्बन्धी घोषणापत्र, १९९३**

संयुक्त राष्ट्रसङ्घीय साधारणसभाबाट पारित १९९३ लाई महिलाविरुद्धको हिंसा उन्मूलन गर्ने घोषणा पत्रलाई धेरै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनमा सशक्त मापदण्डको रूपमा लिइएको पाइन्छ । उक्त घोषणापत्रले महिलाविरुद्धको हिंसालाई यसरी परिभाषित गरेको छ (Any act of gender based violence that results in or is likely to results in physical, sexual or psychological harm or suffering to women including threats if such acts, coercion or arbitrary deprivation of liberty, whether occurring in public or private life) । यसकै दफा ३ ले महिलाले निर्बाध रूपमा पाउनु पर्ने हकहरूको व्यवस्था गरेको पाइन्छ । जस्तै, हिंसालाई पूर्णरूपमा निरुत्साहित गर्नुपर्ने, धर्म, संस्कृति लगायत कुनै पनि आडमा राज्य आफ्नो दायित्वबाट पन्छिन नमिल्ने, हिंसाजन्य कार्य जहाँसुकै भए पनि त्यसको रोकथाम र उपचारको लागि उचित प्रयास गर्नुपर्ने, हिंसाबाट पीडितहरूलाई उचित क्षतिपूर्तिको व्यवस्था हुनुपर्ने, हिंसा पीडितलाई सर्वसुलभ न्यायको पहुँच तथा न्यायिक जानकारी दिनुपर्ने र महिला हिंसा विरुद्धको राष्ट्रिय कानुनको निर्माण अविलम्ब गर्नुपर्ने जस्ता आधारभूत कुराहरूको

११ नागरिक तथा राजनैतिक अधिकारसम्वन्धी अन्तराष्ट्रिय प्रतिज्ञापत्र १९६६ को धारा ६ र ७

१२ महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन सम्बन्धी महासन्धि, १९७९ को धारा ७

समेत व्यवस्था गरेको पाइन्छ ।

- **यातना तथा अन्य क्रूर अमानवीय वा अपमान जनक व्यवहार वा दण्ड विरुद्धको महासन्धि, १९८४**

यस महासन्धिले कुनै पनि व्यक्तिलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा गरिने जुनसुकै प्रकारको शारीरिक वा मानसिक पीडा वा कष्टलाई यातना हो भनी परिभाषित गरेको छ । कुनै पनि व्यक्तिलाई यातना वा क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्ड दिन नहुने तथा यस्तो क्रियाकलापबाट उनीहरूको अधिकारको संरक्षण र सम्वर्द्धन गर्ने महासन्धि नै यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्डविरुद्धको महासन्धि हो । यस अभिसन्धिको धारा २ ले "पक्ष भएको प्रत्येक राष्ट्रले आफ्नो अधिकार क्षेत्र भएको कुनैपनि भू भागमा यातनाका कार्यहरूमा रोक लगाउन प्रभावकारी कानुनी, प्रशासकीय, न्यायिक वा अन्य उपायहरू गर्नेछ" भनी व्याख्या गरेको छ ।

५.२. महिलामाथि हुने हिंसा न्यूनीकरणका लागि रहेका राष्ट्रिय कानुनी संयन्त्रहरू

- **सार्वजनिक (अपराध र सजाय) ऐन २०२७**

नेपाल अधिराज्य भित्र शान्ति र व्यवस्था कायम राख्न, सर्वसाधारण जनताको सुविधा कायम राख्न सार्वजनिक अपराध नियन्त्रण गर्न र तत्सम्बन्धी व्यवस्था गर्ने उद्देश्यले यो ऐन तर्जुमा गरिएको हो । ऐनले कुनै पनि व्यक्तिले सार्वजनिक स्थानमा कुटपिट, अश्लील बोली/बचनको प्रयोग गर्ने, सार्वजनिक स्थानमा महिलालाई हातपात गरी बेइज्जत गर्ने, कसैलाई डर त्रास वा दुःखदिने, धम्की दिने, अपमान वा बेइज्जत गर्ने लगायतका अनुचित कार्य गर्न नहुने व्यवस्था गरेको छ ।

- **अपराध संहिता तथा फौजदारी कार्यविधि संहिता मस्यौदा तथा प्रतिवेदन , २०५८**

कसैले कसैलाई बोक्सा बोक्सीको आरोप लगाउने वा त्यस्तो आरोपमा गाँउबाट निकाला गर्ने, सामाजिक बहिस्कार गर्ने काम गरेमा दण्ड सजायको व्यवस्था गरेको छ। यसै गरी संहिताले कसैले कसैलाई शारीरिक वा मानसिक यातना दिएमा वा क्रुर, निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गरेमा त्यस्तो यातना वा गम्भीरता हेरी सो अनुसारको सजाय हुन सक्ने व्यवस्था समेत गरेको छ ।

- **नेपालको अन्तरिम संविधान २०६३**

नेपालको अन्तरिम संविधान २०६३ मा कानुनको अगाडि सबै समान छन् र कानुनको समान संरक्षणबाट कसैलाई पनि बन्चित गरिने छैन भनी स्पष्ट व्यवस्था गरिएको छ । उक्त अन्तरिम संविधानको धारा १२ (१) मा प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउँने हक हुनेछ भन्ने संवैधानिक कानुनी व्यवस्था गरिएको छ । त्यसैगरी धारा १३ (३) को प्रतिवन्धात्मक वाक्यांसले प्रत्याभूत गरेको महिला वर्गको संरक्षण र विकासका लागि कानुनद्वारा विशेष व्यवस्था गर्न सकिने व्यवस्था गरेको छ ।

मुलुकी ऐन अदलको महलको १० ख नं मा कसैले कसैलाई बोक्सो वा बोक्सीको आरोप लगाउने वा त्यस्तो आरोपमा निजलाई बसोबास गरेको ठाँउबाट निकाला गर्ने, सामाजिक वहिष्कार गर्ने, वा अन्य कुनै अमानवीय वा अपमानजनक व्यवहार गर्ने वा यातना दिने गरेमा तीन महिनादेखी दुई वर्षसम्म कैद वा पाँच हजार रूपैयादेखि पच्चिस हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ भन्ने कानुनी व्यवस्था छ ।

यसैगरी **सामाजिक कुरीतिसम्बन्धी अपराध (नियन्त्रण र सजाय) ऐन २०६८** को प्रस्तावनामा नै समाजका विभिन्न जात, जाती, समुदाय र वर्गमा प्रचलनमा रहेका सामाजिक परम्परा, रीतिरिवाज र प्रथाको नाममा महिलामाथि हुने विभेद र हिंसाजन्य कार्यलाई दण्डनीय बनाई त्यस्तो कार्य नियन्त्रण गर्न र हिंसाबाट पीडित महिलालाई संरक्षण गरी न्याय प्रदान गर्न कानुनी व्यवस्था गर्ने कुरालाई व्यवस्था गरेको छ । बुँदा नं ३ मा सामाजिक कुरीतिको नाममा कसैले पनि कुनै महिलाविरुद्ध विभेद तथा हिंसाजन्य कार्य गर्न, गराउन वा सो कुराको उद्योग गर्न, गराउन वा दुरुत्साहन गर्न हुँदैन यदि कसैले गरेमा ऐन अन्तर्गतको कसुर गरेको मानिने छ भनेर व्याख्या गरेको छ ।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि अन्तर्गतको चौथो र पाँचौं संयुक्त आवधिक प्रतिवेदनमाथि समितिले दिएको निष्कर्ष र सुझाव

क) महासन्धिको धारा २ (एफ) र ५ (ए) अनुरुप पितृसत्तात्मक सोच तथा महिलाविरुद्ध हुने भेदभावको प्रचलन उन्मूलन गर्न ठोस लक्ष्य तथा समयतालिका सहित व्यापक रणनीति यथाशीघ्र बिना ढिलाईका साथ अवलम्बन गर,

ख) नागरिक समाजका साथै समुदाय र धार्मिक नेताहरूलाई सामेल गरी

महिला र पुरुष दुबैलाई लक्षित गरी हानिकारक परम्परा अन्त्य गर्न सञ्चार माध्यमहरूसित सहकार्य गरी महिलाहरूको सकारात्मक, परम्परागतभन्दा भिन्न र भेदभावरहित चित्रण गर्न र जनचेतना अभिवृद्धि तथा शैक्षिक प्रयास सुदृढीकरणमा जोड दिनु तथा,

ग) महासन्धिको धारा २ (च) र ५ (क) अनुरुप हुनेगरी महिलाविरुद्ध भेदभाव गर्ने पितृसत्तात्मक प्रवृति र लैङ्गिक पूर्वाग्रही भूमिकाको अन्त्यको लागि ठोस उद्देश्य र कार्यतालिका सहितको विस्तृत रणनीति ढिलाई नगरी लागू गर्ने ।

घ) हानीकारक परम्परागत प्रचलनहरूको अन्त्यको लागि महिला र पुरुष दुबैलाई लक्षित गरी नागरिक समाज तथा समुदायलाई पनि समावेश गराई जनचेतना अभिवृद्धि तथा शैक्षिक कार्यक्रमहरूलाई सुदृढ गर्ने र महिलाप्रति सकारात्मक, लैङ्गिक मैत्रीपूर्ण व्यवहार गरिनु पर्दछ र महिलामाथि भेदभाव गर्नु हुँदैन भन्ने सन्देश प्रवाह गर्न सञ्चारजगतसँग सहकार्य गर्ने ।

ङ) हानिकारक सामाजिक अभ्यासहरूका सम्बन्धमा चाँडै कानुन निर्माण गर्ने, कानुन कार्यान्वयन गर्ने तथा प्रभावकारी कार्यान्वयनकालागि अनुगमनको व्यवस्था मिलाउने ।

- **विश्वव्यापी आवधिक समीक्षासम्बन्धी कार्यसमूहको सुझाव**

त्यसैगरी सन् २०११ मा भएको नेपालको मानव अधिकारको बिश्वव्यापी समीक्षा (UPR Review) का बखत धेरै देशहरूले नेपाल सरकारलाई महिला हिंसा अन्त्यका लागि जिम्मेवार पहल गर्न सुझाब दिएका थिए । राज्यद्वारा त्यसलाई स्विकार गरी पहल गर्ने अठोट सहित योजना समेत तयार गरेको छ ।

<u>लैङ्गिक हिंसा, महिला अधिकार</u>

- लैंङ्गिकतामा आधारित भेदभावलाई अपराध मान्ने र महिला विरुद्धको भेदभाव अन्त्यकालागि थप प्रयास गर्ने ।

- लैङ्गिक हिंसा पीडितको संरक्षण सुनिश्चित गर्न र आरोपको उचित छानबिन गर्न प्रभावकारी कदम चाल्ने, साथै यस्तो कार्यमा संलग्नलाई सजाय हुने सुनिश्चित गर्ने ।

- महिलाविरुद्धको भेदभाव अन्त्यका लागि राष्ट्रिय कार्य योजनाको कार्यान्वयन गर्ने ।

- लिङ्ग, वर्ग, जाति, अपांगता वा क्षेत्रीयतामा आधारित सामाजिक बञ्चितीकरण र भेदभाव अन्त गर्न प्रयास जारी राख्ने ।

- जोखिममा रहेका समूह महिला र बालबालिकाको मानवअधिकार संरक्षण गर्ने उद्देश्य प्राप्तिका लागि अझ बढी कदमहरू चाल्ने ।

कानुनी व्यवस्था

- राष्ट्रिय कानुनलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुसारको बनाउने प्रक्रिया जारी राख्ने र महिला अधिकारको संरक्षण र प्रवर्द्धन गर्न कानुनी संरचनाको पुनरावलोकन गर्ने ।

- सबै प्रकारका भेदभावलाई अपराधिक बनाउन कानुन लागू गर्ने । आवश्यक नीति तथा कानुनी उपायद्वारा भेदभाव अन्त्य गर्ने ।

अनुसन्धान, अभियोजन तथा क्षतिपूर्ति

- महिला र बालिकाविरुद्ध भएका हिंसाको उचित छानबिन हुने कुरा सुनिश्चित गर्ने, लैङ्गिक हिंसा पीडित महिलाको संरक्षण र उनीहरूको न्यायमा प्रभावकारी पहुँच प्रत्याभूत गर्न कदमहरू उठाउने ।

- कानुन र व्यवहारमै धर्म, जाति वा लिङ्गका आधारमा हुने भेदभाव अन्त्य गर्न प्रयास जारी राख्नुका साथै लैङ्गिक हिंसा पीडितको संरक्षण सुनिश्चित गर्ने, आरोपको उचित छानबिन गर्न प्रभावकारी कदम चाल्ने र यस्तो कार्यमा संलग्न व्यक्तिलाई सजाय हुने सुनिश्चित गर्ने ।

- आरोपहरूको यथोचित अनुसन्धान तथा अभियोजन सुनिश्चितताका लागि आवश्यक उपायहरू अवलम्बन गर्ने ।

- महिलालाई कानुनी तालिममा सहभागी हुन प्रोत्साहन दिनका लागि कदमहरू चाल्ने र उनीहरूको न्यायपालिका प्रवेशलाई सहजीकरण गर्ने ।

परिच्छेद ६ निस्कर्ष र सुझावहरू

परिच्छेद ६
निस्कर्ष र सुझावहरू

हरेक समाजमा मानव इतिहासको सुरुवातदेखि नै महिला महिला भएकै कारण उमाथि कुनै न कुनै किसिमबाट विभेद हुँदै आइरहेको पाइन्छ । पितृसत्तात्मक सामाजिक संरचनाले लैंङ्गिक विभेदलाई संरक्षण दिने र बढावा दिने कार्य प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा गरेका कारण २१औं शताब्दिमा पनि नेपाली महिलाको समान अस्तित्वलाई स्विकार गरिएको छैन । यसको ज्वलन्त उदाहरणको रूपमा यीनै सोच र मान्यतामा आधारित भई बोक्सीको आरोप लगाई महिलामाथि गरिरहेको अपराधहरूलाई लिन सकिन्छ । समाजमा स्थापित विभिन्न अन्धविश्वास, रूढीवादी सोच र परम्पराहरूले महिलाको अस्तित्वमाथि प्रहार गरीरहेका छन् ।

यस सन्दर्भमा बोक्सीको आरोपमा हुने घरेलु तथा सामाजिक हिंसा र अमानवीय कार्य नियन्त्रण गर्ने स्पष्ट कानुनको अभाव रहेको प्रष्ट देखिन्छ । यसैलाई मध्यनजर गरी "बोक्सी सम्बन्धी (कसूर तथा सजाय) अध्यादेश २०६८" को मस्यौदा महिला मन्त्रालयमा पेश गरिएको थियो तर बिडम्बना हालसम्म पनि यसको कारबाही अगाडि बढेन । कानुनको अभावमा दण्डहीनताले प्रसय पाई समस्याले अझ जटिल रूप लिंदै गएको अवस्था छ । उपचारको कानुनलाई हेर्दा बोक्सीको आरोपसम्बन्धी कसुर गाली बेइज्जती, कुटपिट वा सार्वजनिक अपराधको अभियोगको रूपमा हेरी सोहीबमोजिम मुद्दा चलाएको पाइन्छ । तथापी यी सबै उपायहरू पीडितलाई न्याय दिलाउन र पीडकलाई दण्ड सजाय दिलाउन अपर्याप्त छन् । हालसम्म भएको कानुनले बोक्सीको नाममा गरिने जघन्य सामाजिक हिंसालाई सम्वोधन गर्न सकिरहेको छैनन । त्यस कारण समस्याको गम्भीरतालाई मध्यनजर गरी बोक्सीको आरोपमा महिलामाथि हुने वा गरिने हिंसालाई निषेध गर्ने सम्बन्धमा नयाँ कानुनको आवश्यकता रहेको छ ।

यति धेरै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संयन्त्रहरूको व्यवस्था हुँदाहुँदै पनि नेपालमा दिन प्रतिदिन महिलामाथि बोक्सीको आरोपमा गरिने हिंसा बढ्दो क्रममा देखिएको छ । हरेक दिन जस्तै बोक्सीको आरोप लगाई महिलामाथि गरिने हिंसाले आज नेपाली समाजमा भयावह र विकराल रूप लिँदैछ । यो तितो यथार्थ हामी सामु छ । आज पनि यो देशमा महिलामाथि भइराखेको यस्तो जघन्य अपराध राष्ट्रिय बहसको मुद्दा बन्न सकेको छैन । महिलाका पीडाहरूले सरोकारवाला निकायहरूको मन छुन

सकेका छैनन् । यस्ता अपराधहरूको अन्त्यका लागि प्रभावकारी कानुनको व्यवस्था र पीडितको पीडालाई सम्बोधन गर्ने सहयोगी संयन्त्रहरूको विकास हुन आवश्यक छ । यस्ता अपराध तथा यस्तो अपराध फस्टाउने वातावरण दुबैका विरुद्ध हरेक नेपाली संगठित भई आवाज उठाउन जरुरी भइसकेको छ ।

तत्काल प्रचलनमा रहेका ऐन कानुनहरूले समाजमा रहेका महिलाविरोधी परम्परागत प्रथा प्रचलन र संस्कारहरूलाई चिर्न नसकेको कारण दिनानुदिन महिलाहरू शारीरिक र मानसिक यातनाका शिकार हुदै आइरहेका छन् । त्यसर्थ बोक्सीका नाममा महिला उपर गरिने हिंसालाई समाजबाट अन्त्य गर्नका लागि कानुन लगायत समाजका अन्य वर्ग क्षेत्रको भूमिकामा निम्न किसिमको सुधारको आवश्यकता रहेको छ ।

- **बोक्सीका नाममा महिला उपर गरिने हिंसालाई रोक्न छुट्टै तथा सोसँग सम्वन्धित विशेष कानुनी व्यवस्थाको व्यवस्था गरिनु पर्ने ।**
- **यस्ता घटनाहरूलाई कारवाही गर्नको लागि द्रुत न्याय प्रणालीको कार्यान्यन हुनु पर्ने ।**
- **पीडितलाई सम्मानजनक ढङ्गबाट पुर्नस्थापनाको व्यवस्था गरिनु पर्ने ।**
- **पीडकलाई उक्त घटना घटाउन दुरुत्साहन गर्ने अन्य दुरुत्साहनकर्तालाई समेत पीडकसरह सजायको व्यवस्था गरिनु पर्ने र बोक्सी आरोपका दोषीहरूलाई धरौटीमा छोड्न नमिल्ने व्यवस्था हुनु पर्ने ।**
- **सरकारी तहबाटै बोक्सीसम्बन्धी गलत सामाजिक रूढिवादी तथा परम्परागत गलत धारणा विरुद्ध सञ्चार माध्यम मार्फत आमसचेतीकरणका कार्यक्रम गाँउ तहसम्म सञ्चालन गरिनु पर्ने ।**
- **बोक्सीको आरोप लगाउनु सार्वजनिक अपराध भएकोले पीडित स्वयम्ले नै मुद्दा दर्ता गराउन नसकेको अवस्थामा पीडितको आफन्त वा समाजका कुनै पनि व्यक्तिले उजुर गराउन सक्ने र त्यस अनुसार पीडकलाई दण्ड र पीडितलाई न्याय दिलाउन सक्ने संयन्त्रको निर्माण गर्नु आवश्यक छ ।**
- **हस्ताक्षर भइसकेका राष्ट्रिय र अन्तर्राष्ट्रिय सन्धि महासन्धिहरूको उचित कार्यान्वयनको आवश्यकता रहेको छ ।**
- **सरकारबाट बोक्सीको आरोपमा पीडित महिलाहरूकोलागि नयाँ जीवनयापनका**

उपायहरू उपलब्ध गराउने नीति बनाउनु पर्ने ।

अन्तमा ठूलो राजनैतिक परिवर्तनसँगै लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थामा प्रवेश गरेको यो देशमा ५१ प्रतिशत नागरिकले लोकतन्त्र, शान्तिसँगै हिंसामुक्त जीवन बाँच्न पाउने अधिकारको समेत अनुभूति गर्न पाएका छैनन् । महिलाहरूलाई घर, परिवार, समाज र राष्ट्रबाटै पाखा लगाई पीडित बनाईने प्रवृतीले देशमा स्थापित न्याय प्रणाली र संरचनामाथि प्रश्न चिन्ह त खडा गर्छ नै सँगै यो स्थितिलाई रूपान्तरण गर्न सबल र दृढ प्रयास नहुञ्जेल सामाजिक न्यायमा आधारित समतामुलक समाजको परिकल्पना गर्न समेत सकिदैन । यो स्थितिलाई सम्बोधन गर्नका लागि नीति निर्णायक तहमा बसेका व्यक्तिहरूको सोच मात्रै पर्याप्त हुदैंन । यो स्थितिबाट प्रभावितहरूको आवाज सुन्नु र तिनको न्यायका लागि पहल गर्नु अत्यन्त जरुरी हुन्छ । यिनै मान्यताहरूमा आधारित भई देशमा अहिले देखिएको बोक्सीको आरोप लगाई महिलामाथि गरिने अपराधका घटनाहरूलाई आधार बनाएर यो प्रतिवेदन तयार गरिएको छ जसले उठान गरेका सवालहरूले सरकार र अन्य सरोकारवालाहरूलाई सम्वेदनशिल र समस्याको रोकथामको लागि प्रतिवद्ध बनाउन महत्वपूर्ण भूमिका निर्वाह गर्नेछ भन्ने अपेक्षा गरिएको छ ।

सन्दर्भ सामाग्री

- ओरेक नेपाल (जुलाई 2011 देखि 2013) । ओरेक नेपालको तथ्याङ्क शाखामा अभिलेखन गरिएका घटनाहरू ।
- अन्तर्राष्ट्रिय दस्तावेजहरू (UDHR, CEDAW, ICCPR) ।
- नेपाल सरकार (2006)। नेपालको अन्तरिम संविधान ।
- नेपाल सरकार (1910)। नेपालको मुलुकी ऐन ।
- नेपाल सरकार (2005)। सामाजिक कुरीति सम्बन्धी अपराध नियन्त्रण र सजाय ऐन ।
- राष्ट्रिय मानव अधिकार आयोग (2005)। बोक्सी प्रचलन र तत्सम्बन्धी कानुनी व्यवस्थाहरूको पुनरावलोकन ।
- Chhatra Mani Sharma (2009). Witchcraft in Nepal: A Tragedy to Women.
- Garrett, C. (1977) Women and Witches: Patterns of Analysis Signs.
- INSEC (2012). A Study on Violence due to Witchcraft Allegation and Sexual Violence.
- Khar Bhushan Shah (2007). A Study of the Problem of Witch Accusation in Nepal.
- UPR and CEDAW recommendation (2011), संयुक्त राष्ट्रसंघिय मानव अधिकार परिषद, विश्वव्यापी आवधिक समिक्षा कार्यदलको बैठकले नेपाललाई दिएको सुझाव तथा सिफारिसहरू ।
- WOREC (2010). Report on Labeled as Witches: Prosecuted, Tortured and Stigmatized.

अनुसूची नं १

घटना १

मोरङ्गकी ५५ वर्षिया राधा राजवंशी (नाम परिवर्तित) आर्थिक रूपमा विपन्न परिवारकी महिला हुन । गाँउमा जो कोही बिरामी परे पनि उनीलाई बोक्सी हो भनी गाली गलौज गर्ने गरीरन्थे । पहर चन्द नाम गरेको धामीले गाँउमा झारफुक गर्दा उनी नै बोक्सी हो भनी गाँउलेहरूलाई चिनाउदै आएका थिए । मिती २०६९।६।३ गते का दिन उनका छिमेकी बिरामी हुँदा तीनै धामीले अन्सो राजवंशीमाई बोक्सी हो भनी देखाए पछी गाँउलेहरू आक्रोसमा आई द्रर्वेशा ८ मोरङ्गकै शिव नारायण राजवंशी, श्रवन राजवंशी, रविलाल राजवंशी लगायतका व्यक्तिहरूको नेतृत्वमा उनीलाई १५० जनाको रोहवरमा मलमुत्र खुवाई ५ वटा लट्ठीले एकै चोटी कुटपिट गरी डर धाक धम्की दिई रु २५००० समेत जरीवाना तिर्ने गरी कागज समेत बनाएका थिए ।

घटना २

सुनसरीकी ५५ वर्षिया सुनिता मेहता (नाम परिवर्तित) एकल महिला हुन् । पहिलेदेखि नै छिमेकी छिमेकी बीचको विवाद भएकोले बोलचाल थिएन । २०६९/११/२९ गते बेलुका (पीडक) ३६ वर्षिया मन्जु देवी खत्वेले राधा मेहतालाई (पीडित) परालको कुन्यूकाट सानो परालको टुक्रा निकाली दात कोटाएको देखेपछी उनले बिहान उठेर राधाको परिवारलाई तिम्रो आमा वोक्सी हो राती परालको कुन्यूमा बोक्सी मन्त्र गर्छ मैले आफ्नै आँखाले देखेको हो भनी भनिन् र समुदायमा पनि हल्ला गरिन । गाँउलेहरूलाई बोलाई यी महिला बोक्सी हुन भनी गाली बेइज्जती गरिन् । उनका परिवारका सदस्यहरूले नै उनलाई कुटपिट गरे । यसले गर्दा उनलाई आत्मग्लानि हुनुका साथै सधैं मानसिक रूपमा चिन्ता भइरहन्छ ।

घटना ३

मोरङ्गकै ५५ वर्षिया रन्जु लिम्बु (नाम परिवर्तित) एक मध्यम वर्गीय परिवारकी बुहारी हुन । उनको परिवारमा महिला ७ र पुरुष ४ गरी जम्मा ११ जनाको परिवार छ । खेतीपाती गरेर नै उनको परिवारको गुजारा चल्छ । १० वर्षको उमेरमा विवाह गरी

श्रीमान्को घर आएकी चन्द्रमायालाई विवाह भएको १ वर्ष पछी देखि नै सन्तान भएन भनी गाली गलोज गर्ने गरीरन्थे । तर पनि उनी श्रीमान्को घर परिवारमा नै बस्दै आएकी थिइन् । उनकी नन्दको विवाह भएता पनि माईतमा नै बस्दै आएकी थिईन । नन्द एक किसिमको मानसिक समस्याबाट ग्रसीत थिईन । उनको उपचारको लागी परिवारले धामी लिएर आए । धामीले उनलाई झारफुक गरी उनको नाममा जोखना हेरी आफ्नै भाउजु अन्जु नै बोक्सी भएको बताए । उनको परिवारलाई एक त बच्चा नभएको र अर्को आफ्नै नन्दलाई बिरामी बनाएको धामीले बताएपछि साच्ची नै अन्जु बोक्सी हो भनी ससुरा, देवर लगायत परिवारको सम्पुर्ण सदस्यले कुटपिट गरी घर निकाला गरिदिएका थिए ।

घटना ४

सुनसरीकै ३५ बर्षिया रेनुका चन्द्रवंशी (नाम परिवर्तित) को आर्थिक अवस्था निकै कमजोर भए पनि जनवनी गरेर ७ जनाको परिवारको गुजारा चलाउदै आइरहेकी थिइन् । उनीहरूको कसैसँग झगडा पनि थिएन एक दिन छिमेकी लवकुश कटुवालले मेनुकाले आफ्नो घाटीमा थिचेको सपना देखी उठ्दा उनकै परालको कुन्युबाट मेनुकालाई घर तर्फ जादै गरेको देखेपछि उनी बोक्सी मन्त्रले मेरो घर नजिककै आई मलाई घाटी थिचेको हो भनी कटुवालले ११ वजे राती दुई जना साथी बोलाई उनकै घरमा गई श्रीमान् श्रीमती र छोरीलाई कुटपीट गर्दै श्रीमान्लाई तातो तेल खनाई लाईटरले आगो लगाई दिएका थिए । उनी, उनको श्रीमान् र छोरी आफ्नो ज्यान बचाउनको लागी छिमेकी मन्जु गुरुङ्गको घरमा गएर लुक्दा समेत त्यहाँ गएर खेदाई खेदाई कुटपिट गरेका थिए ।

घटना ५

रुपन्देही बाँसगढीकी रुनी चौधरी (नाम परिवर्तित) ५० वर्ष पुगिन् । करिब २ वर्ष भयो आजकाल उनी घरमा भन्दा माइती र आफन्त कहाँ बढी भेटिन्छिन । घरमा बसे पनि बोल्दै बोलदिनन्, घर बाहिर काममा जान पनि मान्दीनन् ।

रुनी चौधरीका श्रीमान्को भनाई अनुसार छिमेकीको घरमा दिउँसो पूजा थियो गाँउका

सबैजनालाई बोलाए हाम्लाई बोलाका थिएनन् । साँझतिर उनीहरू ४ जना भएर आए । बुढीलाई लिन आको भने । उसले जान मानिन । मैले पनि किन जान पऱ्यो यहाँ खानेबेला हुन्छ भनें । तर उनीहरूले आज यिनलाई उतै प्रसाद दिन्छम् भनेर कसैले फकाउने कसैले बल गर्ने गरेर लगे । एकछिन पछि त बगैचामा हल्ला खल्ला सुनियो म पनि गएँ । जाँदा त देख्न सकिने स्थिति थिएन "सबैले घुरुम्म घेरा हालेका त बोक्सी अब यो गाँउ नबस् । गाई, भैसी राम्रो भएन, तरकारी पनि सबै कुहाइ दिने । हेर खा कुहेको खान कस्तो हुन्छ भन्दै दिसा खुवाउन थालेका रहेछन् त्यहाँ रोक्ने कोही थिएन । उनीहरू धनीमानी भएकाले गाँउले सबै उतैतिर लागेका थिए । मैले उसलाई केही नगर भनेर हात जोडें तर कसैले सुनेनन् । रोक्न जान खोजें उल्टै मलाई हुत्याइदिए । कपाल सबै लुछेर बेस्कनी पिटेछन्, दिसा खुवाएपछि त उ बेहोस भएर ढली । अनि उसलाई बल्ल छाडेर लाखापाखा लागे । पछि छोरी पनि आइ; बल्ल बल्ल समाएर घर ल्यायौं । श्रीमान्ले बेलीबिस्तार सुनाए । घटनाबारे उनीहरूले भोलिपल्ट स्थानीय प्रहरीमा निवेदन पनि दिए । निवेदन दिएपछि त झन गाँउको कुरा प्रहरीमा लगेर वेइज्जत गर्ने भनेर गाँउका नेताले उल्टै गाली गरे । ५ दिन पछि प्रहरी आयो । गाँउका कुरा गाँउमै मिलाउने भनेर गयो । त्यत्रो गल्ती गर्नेलाई प्रहरीले एक आखर केही भनेन शिवलालले निराश हुदै सुनाए । शिवलालको परिवार अहिले पनि त्रासमा छ । मेलापातदेखि घरधन्दासम्म सबै सक्ने रुमनी घरमा कम बस्ने र मानसिक बिरामी जस्ती भएकी छन् । रातीमा राम्ररी निदाउदिन के के भनेर तर्सने चिच्चाउने गर्छिन् ।

घटना ६

जनकपुरकी राधा (नाम परिवर्तित)को जोस जाँगर र अनुहारको चमक हराएको छ । वरपर छिमेकी कहाँ कसैको घरमा केही काम पर्दा खटेर सहयोग गर्ने उनी आजभोली घर बाहिर पनि कमै निस्किन्छिन् । न राम्रोसँग खाना खान्छिन् । न त रातमा मस्त निदाउँछिन् । यसले गर्दा उनी दुब्लाउँदै गएको भन्दै श्रीमान् सत्यनारायण पनि पिरोलिएका छन् । उनी एकोहोरिइहन्छिन् । एक्लै घरमा छोड्दा कसैले हातपात गर्छ की ? मारिपो हाल्ने हुन् की ? डरले कोही न कोही परिवारका सदस्यले उनलाई छोड्दैनन् ।

एकनास टोलाइरहने उनी बेला बेलामा झसङ्ग हुन्छिन् । आजभोलि उनी निक्कै डराउने पनि भएकी छन् । रातमा कहिलेकाहीं गुहार गुहार भन्न पुग्छिन् । कहिले एक्लै

बर्बराउछीन् । चार महिना अगाडि फागुनमा राधा घरमा एक्लै भएका बेला छिमेकी जोगेन्द्र र केही गाँउलेहरू मिलेर उनको घर घेरेका थिए । "घर जलाइदिन्छम् भने । तँलाई मार्छम् भने । कुटपीट गरेर घरमा ताला लगाइदिए । दिसा खुवाउन थाले । तँ डायन हो हाम्री छोरी मारिस् तँलाई पनि मार्छौं भनेर मलाई सबै मिलेर पिटे । म एक्लै थिएँ । मेरो केही होसै छैन ।" राधाले अहिले पनि यही कुरा रुदै सुनाउछिन् ।

फागुन महिना थियो । छिमेकी जोगेन्द्रकी ९ वर्षकी छोरी पोखरीमा डुविन् । दिउँसोको समय थियो त्यसैले धेरै जसो मानिसहरू खाना खान घर भित्रै थिए । पल्लो गाँउमा गएर पोखरीको बाटो हुँदै घरतिर आएकी रामकलीले उनी पोखरीमा डुबेको देखेपछि चिच्च्याइन् कसैले सुनेन् । पोखरीमा गएर निकाल्न खोजिन् सकिनन् । फेरी चिच्च्याएपछि मात्रै केही छिमेकीले सुने । सबै मिलेर बच्चीलाई पोखरीबाट निकालियो । तत्कालै अस्पताल पुऱ्याइयो तर उनी बाँचिनन् । त्यसपछि त्यो परिवारले बोक्सी लगाएर बच्चीलाई मारेको हो भनेर राधालाई दिनु दुख दिए । कुटपिटमात्रै होइन उनलाई दिशा घोलेर टाउकोबाट खन्याएयो । त्यतिबेला उनी घरमा एक्लै थिइन् । काठमाण्डौ पढ्न बसेको छोराले घटनाबारे थाहा पाए । उनी नाइट बस चढेर घर आए त्यस दिन देखि उनी पढ्न पनि फर्केका छैनन् ।

"म गरिब छु । अब म कहाँ जाउँ ? यस्तो नहुने आरोप लाए । म डाएन छु भने कसैले प्रमाण दिनु पऱ्यो । कति हार गुहार गरें समाजले मेरो कुरा सुन्दैन । मेरा छोरा र बुढालाई पनि उनीहरूले मार्छौं भनेका छन् ।" गाँउलेले गरेको दुर्व्यवहार र कुटपिटबारे उनका श्रीमान्ले प्रहरीमा उजुरी पनि दिए । तर प्रहरीले केही गरेको छैन ।

घटना ७

रौटहट चन्द्रनिगाहपुरकी वृद्दा कलावतीले (नामपरिवर्तित) गाँउका छोरी बुहारीलाई मानसिक रोग लगाएको भन्दै कुटाइ पिटाइ खानु पऱ्यो । कुटाइ पिटाइका कारण गाँउमा बस्न नसकेर आफन्तीको घरमा शरण लिन बाध्य छन् ।

कलावतीको घर चन्द्रनिगाहपुर बजारदेखि करिब ६ किलोमीटर पूर्व उत्तरको गाँउमा छ । बुहारी बिनुवा चौधरीका अनुसार घट्नापछि आमाले कसैसँग बोल्न नखोज्ने, एक्लै बस्ने, खाना पनि कम खाने गर्नुभयो । बजारमा बस्ने छोरा बुहारीसँग पनि बस्न नमानेकी उहाँको मनमा स्थिरता छैन । छिमेकी नव दुलही सयन चौधरी बिरामी

परेपछि आमालाई यस्तो आरोप लागेको हो । एकदिन बिहानै शौंच गर्न जंगल गएर फर्केको बेला सयनको परिवारले कलावतीलाई निर्घात कुटपिट गऱ्यो । अनि घरमा गाउँभरीकालाई भेला गराए । बोक्सीले गाँउमा अनिष्ट गर्न लागेको भन्दै तथानाम गालिगलौज गरे ।

कलावतीका छोरा बुहारी व्यवसाय गर्न बजारमा बस्छन् । नाति नतिना हेरेर घरमा बस्ने उनीमाथि आक्रमण भएको छिमेकीले देखेका हुन् । उनैले खबर गरेपछि हतार हतार बजारबाट छोरा आए । उनी आउँदा घरमा भेला भएका गाँउका अरु मानिसहरूले पनि एक एक उदाहरण दिंदै उनलाई सराप्न थालेका थिए । आमाको बचाउमा कुरा गर्दा तैले पनि सिकेकी होलीस् भनेर सबै कराए । उनीहरू एकट्ठा भएका थिए हाम्रो कुरा सुन्ने कोही भएन -बुहारी सयन कुमारीले भनिन् ।

भैसीले दुध दिन छोडेको, गाई मरेको, तरकारीमा कीरा लागेको, महिनावारी गड्बड गरिदिएको सबैको कारण उनै कलावतीलाई देखाइयो । कसैले पिटे, लछार पछार गरे र दिसा ख्वाउने सुर कसे । कमलावतीले आफ्नो केही दोष नभएको बताउँदै हात जोडेर बिन्ती गरिन् तर उनको कुरा कसैले सुनेन । कलावतीको परिवारले दोषीलाई कारवाही गर्न भनेर उजुरी दियो तर न दोषीमाथी कारवाही भएको छ न त कलावती घरमा बस्न सकेकी छन् ।

घटना ८

सिराहा जिल्लाकी सनीदेवि (नामपरिवर्तित) सँग मानिसहरू तर्केर टाढा टाढा भाग्छन् । १२ वर्ष अगाडि देखि सनी बोक्सीको आरोप खेपिरहेकी छन् । जसले गर्दा उनी गाँउ समाजमै बसेर पनि एक्ली छन् ।

५८ सालमा सनीको घरमा पूजा थियो । होम चलेको वेला छिमेकीले एउटा बच्चा ल्याएर । "मेरो छोरालाई तैले बिमार लगाएको हो । ठीक बनाइदिने बना नत्र तँलाई मार्छु भन्दा उनी छक्क परिन् । यस्तो कुरा नगर्नुस भनिन् तर उनीहरूले सुनेनन् । पूजामा केही खैलाबैला पनि भयो । तर कसैले पनि त्यसको प्रतिबाद भने गरेनन् । केहीवेरमा बच्चा त्यही आँगनमा मऱ्यो । मरेपछि उनीहरू झन रिसले आगो भए । कोही गएर गाँउका धामी बोलाएर ल्याए । धामीले मृगि भएर बच्चा मरेको बताए । तर मृतकको परिवारले त्यसमा विशवास नगरि सनीलाइनै दोष दिए । आजलाई भयो पछि हामीले छोड्दैनौं भनेर हिंडेका उनीहरूले तीन दिन पछि त १० हजार भारु खर्च

गरेर भारतीय धामी बोलाए । त्यसपछि उनीहरूले गाँउ भेला गराएर सनीलाई नै बोक्सीको किटानी गरे । त्यसपछि त उनका आफन्तीहरू मिलेर सनीदेविको घर घेरे । कुटपिट गरे र गाँउमा बस्न नदिने भन्दै घरमा ताला पनि लगाई दिए ।

“म घरमा एक्लै थिएँ । सब एकठ्ठा भएर आए । कोहीले लछार पछार गरे । दिसा ख्वाउन भनेर ल्याएका रैछन् । क्याम्पसबाट आएको एकजना केटाले त्यो ख्वाउन सम्म दिएन । नत्र त मेरो हात खुट्टा बाधेर ख्वाउनै लागेका थिए ।” मरणासन्न हुनेगरी पिटेपछि उनीहरू गए ।

त्यस दिनदेखि गाँउमा कोही बिरामी परे, कसैको मृत्यु भए सबैले उनलाइनै आरोप लाउँछन् । वर्षमा २, ३ पटक यस्तै आरोपमा सनीमाथि कुटपिट भइरहन्छ । पछिल्लो पटक ०६९ साल फागुनमा रामबलीकी आमा बिरामी भै थला परिन् । छिमेकी र साथी पनि भएकाले सनीका सासु बुहारी उनलाई भेट्न गए । उनको अन्तिम अवस्था थियो । साँझ उनी मरिछन् त्यसपछि त उनका आफन्ती रातारात सनीको घर घेर्न आए । उनी घरमा एक्लै थिइन् । तँ बोक्सी होस् । हाम्रो परिवारनै खत्तम पारिस् भनेर तथानाम गालि गरे । लठ्ठी र ढुंगाले ढोकामा हाने । ढोका फोडेर भित्र आउलान् भनेर धेरै डर लाग्यो । अब मार्ने भए भन्ने सोंचे तर म बोल्दै नबोले पछि उनीहरू गए । भोलीपल्ट प्रहरीलाई उजुरी दिए त्यतिखेर छिमेकीलाई साक्षी बस्न भन्दा कसैले मानेनन् । प्रहरीमा उजुरी दिए पनि त्यसको केही सुनुवाई भएको छैन ।

घटना ९

सिन्धुली जिल्ला सदरमुकाम छेवैमा बसोबास गर्ने रामवती (नामपरिवर्तित) उनी परिवार र आफन्तले लगाएको बोक्सीको आरोप सहेर पीडामा बाँचीरहेकी छन् । उनी भन्छिन् आफ्नी दिदि बिमारी भै बितेपनि आफैले दुध ख्वाएर पालेको छोरा र बुहारीले उनलाई बोक्सीको आरोप लगाए । बाहिरका मानिससँग कुराकानी गर्दा पनि चियो गर्ने र त्यस्तो कुरा सुनाएमा राम्रो नहुने भनेर धम्क्याई रहने गर्छन् ।

बुहारी बिरामी हुँदा कता कता हेराउने फुकाउने गरेछन् । खेतालाहरूसँग कुरा गरेछन् । मलाई आरोप लगाएर तँ राँडी, बोक्सी छौड्याइ भनेर कति हो कति मुख छाडी । भुत्ल्याउछु भनी । कति दिन भोकै सुते । न रातमा निद लाग्छ । एककान दुइकान मैदान गर्दा गर्दै गाँउभरी हल्ला चल्यो । त्यही राँडी बुढी बोक्सी लागेर उसलाई ठीक नभएको भन्ने पारेछन् । त्यतिबेला सही नसक्नुभयो । गाँउलेलाई पनि

बोलाए समाज बसेर खुट्टामा ढोगाए । छोराले पनि हो यो बोक्सीनै हो भनेर रातदिन छेड हान्न थाल्यो ।

यस्तो होला भन्ने त कसरी सोच्ने ? पुस्तौसम्म न धोएर जाने, पुछ्दा पनि नजाने रेकर्ड गराइदिए । यस्तो दाग लाग्यो । बाचुञ्जेल बिर्सन नसक्ने छाप छ यो मनमा । उनीहरूको त मुखपनि देख्न मन छैन ।

घटना १०

मानिसको लागि सुरक्षित आश्रयस्थल घर र समाज हो । उसलाई गाह्रो साह्रो पर्दा समाजले हारगुहार दिन्छ । तर हार गुहार दिनुपर्ने समाजले व्यक्तिलाई कुटपिट, यातना र दुर्व्यवहार गर्छ भने कहाँ जाने ? चेतनशील प्राणीका लागि अरू कसैको पाईतला चाट्न, पशुलाई बली दिए सरि अचानोमा घाँटी तेर्स्याउन बाध्य बनाईन्छ र काट्नका लागि खुर्पा ताकिन्छ भने कसैले म बाँच्छु भन्ने महशुस गर्न सक्ला ? सोनपुर दाङ्गकी गम्भी बिकलाई छिमेकीले यस्तै बनाए ।

घटना बैशाख १४ गतेको हो । छिमेकीको घरमा सबै गाँउले भेला गरेर गम्भी बि क, कमारी बिक र मैती बि क लाई बोलाउन लगाईयो । सबैलाई एउटा कागजमा सहिछाप लाउन लगाईयो । अक्षर नचिन्ने गम्भीलाई के मा सहि गरे भन्ने थाहा भएन । सही गराएको केहीबेरमा उनीहरूले को बोक्सी ठहरिन्छ भनेर एक आपसमा कुरा गर्न थाले । घरमुलीका ४ जनाको पाइतला चाट्न लगाईयो । उनले मानिनन् त्यसपछि तैं बोक्सी अझै बोल्छेस भनेर सबैजना कराउन थाले । घर भित्र लगे कतिले पिटे कतिले पिटे । उनले हात जोडेंर केही नगर भनेंको कसैले सुनेन । पिट्नुसम्म पिटे, लुछे अनि त बाँसको अचानो बनाएर ल्याएर । जवरजस्ती त्यसमा मन्टो राखिदिए र उनलाई यहीं काटेर सिध्याउनु पर्छ भनेर मुर्मुरिय । धन्न एक दुईजना बिष्टहरूले यसो नगर भनेपछि बल्ल बल्ल छोडे । रातिको १२ बजे मात्रै घरमा आउन पाइयो । हिड्ने बेलामा पनि उनीहरू कराउँदै थिए यो कुरा हल्ला गरे राम्रो हुन्न ।

यो घट्ना सम्झँदा गम्भीलाई अहिले पनि निक्कै डर लाग्छ । गाँउघरबाट प्रहरीमा उजुरी नदिन धम्की आएपनि उनीहरूले भने उजुरी दिए । घटनाको विषयमा गम्भी सहित कुटपिट र यातना सहेको तीनै जनाले प्रहरीमा उजुरी दिए । उजुरी दिएपछि त झन गाँउमा बस्ने स्थिति पनि भएन ।